का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ माघ २०७९,
आइतबार
22 January 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३३७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# कांग्रेसले दिन नसकेको जवाफ

प्रतिनिधिसभाको सर्वैभन्दा ठूलो दल नेपाली कांग्रेसले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिएकाले नेमकिपाले प्रमुख विपक्षी दल तोकिदिन भन्दै सभामुखसँग निवेदन दिएका छन् ।

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, ७ माघ ।



प्रतिनिधिसभाका नवनिर्वाचित सभामुख देवराज घिमिरेलाई नेपाल मजदुर किसान पार्टी (नेमकिपा) ले आफ्नो पार्टीलाई विपक्षी दल घोषणा गर्न माग गरेको छ । शनिबारको संसद् बैठकमा नेमकिपाका सांसद प्रेम सुवालले कानून अनुसार, आफ्नो दललाई विपक्षी दल घोषणा गर्न निवेदन दिएका हुन् ।

त्यसका लागि नेमकिपाले तीन वटा आधार प्रस्तुत गरेको छ । पहिलो, नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी दल रहेन । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई कांग्रेसले विश्वासको मत दिएपछि सत्तारुढ दल बनिसकेको छ । ८९ सिट जितेर संसद्को सर्वैभन्दा ठूलो दल बनेको कांग्रेसले प्रधानमन्त्री प्रचण्डलाई २६ पुसमा विश्वासको मत दिएको थियो ।

– बाँकी पृष्ठ २ मा

# प्रश्नले घेरिए गृहमन्त्री

सरकार र सरकारी निकायमाथि सिधा प्रश्न गर्ने र कमजोरी भेटाउ वितिकै सिस्टम र अभ्यासको कुरा नगरी तत्काल सम्बन्धित अधिकारीलाई निकम्मा करार गरिदिने पूर्व टेलिभिजनकर्मी रवि लामिछानेको तरिका थियो । तर, अहिले यस्तै तरिकाबाट हैरान भएको वर्तमान गृहमन्त्री लामिछाने निकटस्थहरुसँग बताउँछन् । तथापि, उनी प्रश्नहरुबाट भाग्न सकिरहेका छैनन् ।

> अपराधीलाई पक्राउ गर्न प्रेस विज्ञप्ति जारी गर्ने परिपाटी गलत छ, त्यसलाई सच्याइनुपर्छ, हरेक घटनाका अपराधीलाई पक्राउ गर्न प्रेस विज्ञप्ति नै जारी गर्नुपर्ने स्थिति आउन दिन हुन्न, यो ठीक पनि होइन ।
>
> **रामहरि खतिवडा**
> सांसद, नेपाली कांग्रेस



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ७ माघ ।

शुक्रबार प्रतिनिधिसभाको बैठक शुरु भए लगत्तै नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले सभामुख देवराज घिमिरेसँग विशेष समय माग गरे । सभामुख भएर सभा चलाउन आएको पहिलो दिन आफ्ना कुरा राख्न समेत सभामुखलाई नदिएर खतिवडाले. गृहमन्त्री रवि लामिछानेले गरेको प्रतिवद्धतामाथि प्रश्न उठाए । उनले गृह मन्त्रालयबाट शुक्रबार जारी प्रेस विज्ञप्तिबारे सदनको ध्यानाकर्षण गराए । कुनै अपराधी पक्राउ गर्न विज्ञप्ति नै जारी गर्ने कुराले ठिक परिपाटीको विकास नहुने भन्ने उनको चिन्ता थियो । उनले भने, 'अपराधीलाई

– बाँकी पृष्ठ २ मा

## कुवेतमा वैदेशिक रोजगार अवसर

**कम्पनी** : SOFTROCK CENTER CO FOR NON FOOD ITEMS — **शहर** : KUWAIT
**पूर्व स्वीकृत मितिः** २०७९/१०/०६ — **चलानी नं.:** ६०१९५३३३ — **LT. No.: 279211**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 3 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५५,२९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Saleslady | 0 | 3 | | 130 | ५५,२९९ | | | | | | | |
| 3. | Waitress | 0 | 5 | | 130 | ५५,२९९ | | | | | | | |
| 4. | Cleaner (Indoor) | 1 | 1 | | 85 | ३६,१५७ | | | | | | | |
| 5. | Japanees Chef | 2 | 0 | | 200 | ८५,०७६ | | | | | | | |
| 6. | Chainees Chef | 2 | 0 | | 140 | ५९,५५३ | | | | | | | |

नोटः प्री इन्टरभ्यु धमाधम भइ रहेको छ। प्री इन्टरभ्युमा सहभागी हुनेलाइ मात्र फाइनल इन्टरभ्युमा सामेल गरिने छ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १४, १५, १६ र १७ गते (28, 29, 30 & 31 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**MANAKAMANA FOREIGN EMPLOYMENT CO. P. LTD.**
Licence No. 753/064/065
Nagarjun-4, Sitapaila, Kathmandu | Tel: 01-4034677, 9810166668,
| Email: manakamanamfec1@gmail.com

वैदेशिक रोजगार विशेष

## नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा मिश्रित परिणाम

# अध्यक्षमा भण्डारी, महासचिवमा भुर्तेल विजयी



**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ माघ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन परिणाम मिश्रित आएको छ । शनिबार बिहान सम्पन्न संघको २९ औं साधारण सभा पछिको कार्यसमिति निर्वाचन परिणामअनुसार निर्वाचित १७ सदस्यीय कार्यसमितिमा प्रगतिशील मञ्चका अध्यक्ष, तीन उपाध्यक्ष र कोषाध्यक्ष गरी ५ पदाधिकारी तथा ४ सदस्यसहित ९ जना, एसोसिएशनका महासचिव र सचिव गरी दुई पदाधिकारी तथा ५ सदस्य गरी ७ जना र गणतान्त्रिक मञ्च र एकीकृत संगठनको संयुक्त प्यानलकी एक सदस्य निर्वाचित भएका

– बाँकी पृष्ठ २ मा

## संघलाई कार्यालय भवनको समस्या

**काठमाडौं/मस–** शनिबार बिहान नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यालय नजिकै रहेको अनुपम फुडल्याण्डबाट अविर र खादासहित बाहिरिएका संघका नवनिर्वाचित नेतृत्वलाई पहिलो समस्या व्यवस्थित कार्यालयको भएको छ ।

राजधानीको तीनकुनेमा आफ्नो जग्गा भए पनि निरन्तर भाडामा बस्न रुचाएका व्यवसायीलाई घरधनीले आफ्नो व्यक्तिगत प्रयोगका लागि घर चाहिएको भन्दै खाली गरिदिन पटक-पटक लिखित सूचना गरेपछि नयाँ भवन खोज्ने समस्या परेको हो । संघको निवर्तमान नेतृत्वले माघ ६ गतेको साधारण सभाको कारण देखाउँदै माघ १० गतेसम्म भवन खाली गरिदिने घरधनीलाई बताइसकेको छ । संघको साधारण सभा चटारोका कारणले नयाँ भवन खोज्न नसकिएको बताइएको छ ।

विभिन्न ठाउँमा घरहरु हेरेको भए पनि गाडी पार्किङको समस्याका कारण नयाँ सम्झौता हुन नसकेको कार्यालय सचिव अरुण अर्यालले बताए । हालको कार्यालय भवनमा पनि पार्किङका लागि पर्याप्त ठाउँ नभए पनि उत्तर दक्षिण दुबैतिर वैदेशिक रोजगार व्यवसायीद्वारा सञ्चालन गरिएका फराकिला पार्टी प्यालेस र होटल रहेका

– बाँकी पृष्ठ २ मा

## हार्दिक बधाई तथा शुभकामना एवम् हार्दिक आभार



नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २०७९ माघ ०६ गते सम्पन्न २९ औं साधारणसभा पश्चात सम्पन्न निर्वाचनमा विजयी **अध्यक्ष राजेन्द्र भण्डारी, प्रथम उपाध्यक्ष डिकबहादुर खत्री (कुमार), द्वितीय उपाध्यक्ष सन्जु कुमार गुरुङ, तृतीय उपाध्यक्ष रोशन कटुवाल, महासचिव मेघनाथ भुर्तेल, सचिव कर्णराज कटुवाल, कोषाध्यक्ष सरिता घले** तथा कार्यसमिति **सदस्यहरू राजेन्द्र बस्नेत, बिक्रम श्रेष्ठ, देवमाया थापा, बैकुण्ठप्रसाद पौडेल, कैलाश पाठक, देउमान नेम्वाङ, आनन्द कोइराला, नारायण भुसाल, तोरणबहादुर कार्की** र **चन्द्र बहादुर लिम्बूज्यू**लाई हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

साथै यस मञ्चका उम्मेद्वारहरुलाई अमुल्य मत दिई विजयी बनाउनु हुन मतदाता व्यवसायीज्यूहरु एवम् मतदान गर्ने तथा सहभागिता जनाउनुहुने सम्पूर्ण व्यवसायीज्यूहरु, पत्रकार मित्रहरु, स्वयंसेवक, आयोजक, लगायत सहभागी सम्पूर्ण व्यक्तित्वहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**जनक रावल**
महासचिव, तथा
**प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल**
परिवार

## हार्दिक बधाई


**राजेन्द्र भण्डारी**
अध्यक्ष


**डिकबहादुर खत्री (कुमार)**
प्रथम उपाध्यक्ष


**सञ्जुकुमार गुरुङ**
द्वितीय उपाध्यक्ष


**रोशन कटुवाल**
तृतीय उपाध्यक्ष


**मेघनाथ भुर्तेल**
महासचिव


**कर्णराज कटुवाल**
सचिव


**सरिता घले**
कोषाध्यक्ष

**राजेन्द्र बस्नेत** सदस्य | **विक्रम श्रेष्ठ** सदस्य | **देवमाया थापा** सदस्य | **बैकुण्ठप्रसाद पौडेल** सदस्य
**कैलाश पाठक** सदस्य | **देउमान नेम्वाङ** सदस्य | **आनन्द कोइराला** सदस्य
**नारायण भुसाल** सदस्य | **तोरणबहादुर काकी** सदस्य | **चन्द्रबहादुर लिम्बू** सदस्य

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २९ औं साधारण सभापश्चात सम्पन्न निर्वाचनबाट विजयी सम्पूर्ण टिमलाई हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**नरेश गेलाल**
पूर्व महासचिव
**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तथा,
**एच.आर. इन्टरनेशनल प्रा.लि.**
परिवार

मध्यान्ह
www.madhyanhadaily.com



# उपसभाभुखमा रास्वपाकी राना

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ माघ।



प्रतिनिधिसभाको उपसभाभुखमा इन्दिरा राना मगर विजयी भएकी छिन्। शनिवार प्रतिनिधिसभामा भएको मत विभाजनमा रानाको पक्षमा १६६ सांसदको मतसहित उनी उपसभामुख पदमा निर्वाचित भएकी हुन्।

प्रतिनिधिसभा बैठकमा भएको मतदानमा सत्तारुढ दलका साझा उम्मेदवार रहेकी रानाले १६६ मत प्राप्त गरेकी हुन्। नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवाल भने तटस्थ रहे। इन्दिरालाई नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा लगायत सत्तारुढ गठबन्धनका दलहरुले मतदान गरेका थिए।

कांग्रेसको तर्फबाट उम्मेदवार मुक्ताकुमारी यादवले भने ९७ मत प्राप्त गरिन्। बैठकमा २६४ सदस्य उपस्थित थिए।

गत माघ ५ गते सत्तारुढ दलहरुकै समर्थनमा एमाले सांसद देवराज घिमिरे सभामुखमा निर्वाचित भएका थिए। सत्तारुढ दलहरुबीच राष्ट्रपति एमालेलाई र उपराष्ट्रपति पद माओवादी केन्द्रलाई दिने सहमति पनि यस अघि नै भइसकेको छ। यता, विपक्षमा रहेको काँग्रेसले पनि राष्ट्रपति पदमा आफू दावी कायमै राखेको छ। सत्तारुढ माओवादी केन्द्रको समर्थनमा आफ्नो पार्टीले राष्ट्रपति पाउने आशमा काँग्रेस रहेको बताइएको छ।

# दश वर्षे शिक्षा योजना पास गर्दै खाँडाचक्र

**मानबहादुर विश्वकर्मा/मध्यान्ह**
कालीकोट, ७ माघ



खाँडाचक्र नगरपालिकाले दश वर्षे शिक्षा योजना हिउँदे सभाबाट पास गर्ने भएको छ। शनिबार एक कार्यक्रमकाबीच नगरपालिकाले दश वर्षे योजना पास गर्ने जानकारी दिएको हो। शिक्षा क्षेत्रमा काम गर्दा शिक्षा योजना पहिला आवश्कता पर्ने भएकाले नगरपालिकाले शिक्षा योजना पास गर्ने खाँडाचक्र नगरपालिकाका शिक्षा शाखा प्रमुख बलिराज शाहीले बताए।

शाहीकाअनुसार यही माघ १० गतेको हिउँदे नगरसभामा सो योजना पास गरिनेछ। विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गत खाँडाचक्र नगरपालिकाको १० वर्षे शिक्षा योजना २०७८/०७९ र २०८७/०८८ खाँडाचक्र नगरपालिकाको दीर्घकालिन रणनीति हुनेछ।

शनिबार युनिसेफ नेपालको सहयोग, समाज जागरण केन्द्र स्याक नेपालको सहजीकरण तथा खाँडाचक्र नगरपालिकाको समन्वयमा स्थानीय तहको (एसइएसपी) तथा समता रणनीति योजना विषयक दोस्रो कार्यशाला गोष्ठीमा शिक्षा योजना रणनीतिका बारेमा छलफल तथा सुझाव संकलन सबैको सल्लाह र आवश्यक प्रक्रिया पूरा गरी १० वर्षे शिक्षा योजना पास गर्न लागेको युनिसेफ नेपाल क्षेत्रीय कार्यालय नेपालगञ्जका शिक्षा अधिकृत फर्शुराम पन्तले बताए।

उनकाअनुसार विद्यालय बाहिर रहेका किशोर, किशोरीका लागि शिक्षा जीवन उपायोगी शिपमा अवसर परियोजनालाई नगरपालिकाले सकारात्म हिसाबले बुझेर परियोजनाप्रति नगरपालिका उत्तरदायी भएकाले आफू र आफ्नो संस्था हर्षित भएको उनको भनाइ थियो।

कार्यक्रमको सहजीकरण गर्दै शिक्षा विकास तथा समन्वय ईकाइ कालीकोटका निमित्त कार्यालय प्रमुख प्रकाशचन्द धितालले कालीकोटमा अहिलेसम्म रास्कोट नगरपालिकाले मात्र शिक्षा योजना बनाइ काम गरेको बताउदै दोस्रोमा खाँडाचक्रले गर्न लागेकोमा बधाई तथा शुभकामाना दिए।

प्रमुख धितालले शिक्षा जस्तो क्षेत्रमा कुनै पनि योजना बिना काम गर्न खोजे स्थानीय तहमा शिक्षा क्षेत्र गन्तव्य विहीन हुने बताए। सही गन्तव्यमा पुग्न पहिला योजना आश्वक पर्ने पनि उनको भनाइ थियो।

कार्यक्रमका सभा अध्यक्ष तथा खाँडाचक्र नगरपालिकाका नगर प्रमुख कमल बहादुर शाहीले आफू सिकाइको चरणमा रहेको बेला विद्यालय बाहिर रहेका किशोर, किशोरीका लागि शिक्षा र जीवन उपायोगी शिपमा अवसर परियोजनाले आफ्नो नगरपालिकालाई शिक्षा क्षेत्रको सुधारको लागि ठूलो सहयोगको महसुश भएको बताए। साथै नगर प्रमुख शाहीले पहिलो सरकारले गरेका केहि राम्रा काममा अहिले आफ्नो नेतृत्वमा रहेको सरकारले निरन्तरता दिएको बताउँदै विकास साझेदार संघसस्थाहरुलाई आफ्नो नगरपालिकामा आउने ढोका खुल्ला गरेको पनि उनले बताए।

## कांग्रेसले ...

विश्वासको मत दिइसकेकाले अब कांग्रेस प्रमुख विपक्षी दल नबनेको नेमकिपाको दावी छ। 'कानूनअनुसार, नेमकिपालाई प्रमुख विपक्षी दल तोकिदिनुस्', सुवालले माग गरे, 'प्रधानमन्त्रीलाई दिएको विश्वासको मत फिर्ता नलिएसम्म कांग्रेसलाई विपक्षी दल भन्न मिल्दैन।'

नेमकिपाले आफ्नो दललाई प्रमुख विपक्षी दल तोकिदिन माग गरेको दोस्रो आधार संघीय संसदको पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन-२०७३ हो। यो ऐनले सत्ता र प्रमुख विपक्षी दल सम्बन्धी व्यवस्था गरेको छ। 'मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेक प्रतिनिधिसभा वा राष्ट्रिय सभामा दश प्रतिशत वा सो भन्दा बढी सदस्यहरु भएको दलहरु मध्ये सवैभन्दा बढी सदस्य भएको दल' ऐनले प्रमुख विपक्षी दल सम्बन्धी उल्लेख छ। यदि दश प्रतिशत सांसद संख्या नभएमा सभामुखले प्रमुख विपक्षी दल तोकिदिने उक्त ऐनमा व्यवस्था छ। नेमकिपाले यही व्यवस्थालाई आधार मानेको छ। सुवालले शनिबार दिएको निवेदनको आधार त्यही ऐन हो।

तेस्रो आधारका रुपमा नेमकिपाले आफ्नो दललाई प्राप्त जनमत देखाएको छ। प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत नदिएको राष्ट्रिय जनमोर्चा भन्दा आफ्नो दल ठूलो भएको नेमकिपाको तर्क छ। गत निर्वाचनमा जनमोर्चाले समानुपातिक तर्फ ४६ हजार ५०४ मत पाएको छ। नेमकिपाले ७५ हजार १६८ मत पाएको छ। प्रधानमन्त्रीलाई विश्वासको मत नदिने दुई दल मध्ये आफू ठूलो भएकाले प्रमुख विपक्षी दल तोकिदिन नेमकिपाले सभामुख घिमिरेलाई निवेदन दिएको छ।

प्रधानमन्त्री प्रचण्डलाई संसदमा आएको १२ मध्ये कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनता समाजवादी पार्टी (जसपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), नेकपा एकीकृत समाजवादी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र नागरिक उन्मुक्तिले विश्वासको मत दिएको छ। प्रधानमन्त्रीलाई विश्वासको मत नदिने नेमकिपा र जनमोर्चासँग एक/एक सिट छ।

तर तिनै एकसिटको नेमकिपाले प्रमुख विपक्षी दल तोकिदिन निवेदन दिएको छ। संसदमा बोल्ने अरु सांसदहरुले पनि कांग्रेस प्रमुख विपक्षी दल नरहेको तर्क गरिरहेका छन्। कांग्रेस नेतृत्व र सांसदहरुले भने विश्वासको मत दिएपनि आफ्नो पार्टी नै प्रमुख विपक्षी दल रहेको जिकिर गरिरहेका छन्।

## प्रश्नले ...

पक्राउ गर्न प्रेस विज्ञप्ति जारी गर्ने परिपाटी गलत छ, त्यसलाई सच्याइनुपर्छ, हरेक घटनाका अपराधीलाई पक्राउ गर्न प्रेस विज्ञप्ति नै जारी गर्नुपर्ने स्थिति आउन दिन हुन्न, यो ठीक पनि होइन।'

प्रेस विज्ञप्ति निकालेर अपराधी खोजी गर्नु चिन्ताको विषय बनेको उल्लेख गर्दै उनले गृहमन्त्रीको मौखिक निर्देशन मातहतका निकायले बेवास्ता गरेको त होइन भनी प्रश्न गरे। गृहमन्त्रि रवि लामिछानेलाई प्रहरी प्रशासनले नटेरेको भन्ने टिप्पणी सार्वजनिक भइरहेका बेला सांसद खतिवडाले यस्तो प्रश्न गरेका हुन्। खतिवडाले उक्त विषयमा सभामुखबाट रुलिङको माग माग समेत गरेका थिए।

गृहमन्त्रालयले महोत्तरी जिल्लाको गौशाला नगरपालिका-२ का लक्ष्मी महतो कोइरीलाई कानुन बमोजिम पक्राउ गरी कारवाही गर्न प्रहरीलाई निर्देशन दिएको थियो। मन्त्रालयले एक विज्ञप्ति जारी गरी प्रेमबहादुर विकको जाहेरीले कर्तव्य ज्यान मुद्दामा प्रतिवादी रहेका महतोलाई पक्राउ गरी कारवाही गर्न उपप्रधानमन्त्री एवम गृहमन्त्री लामेछानेबाट पटकपटक मौखिक निर्देशन भएकोमा पक्राउ नपरेकोप्रति गम्भिर ध्यानाकर्षण भएको जनाउँदै पक्राउका लागि निर्देशन दिएको थियो।

'निज प्रतिवादीलाई कानुन बोजिम पक्राउ गरी तत्काल कारवाही अघि बढाउन मन्त्रालयले प्रहरी प्रधान कार्यालयलाई पत्राचार गरेको व्यहोरा अनुरोध छ' मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलद्वारा जारी विज्ञप्तिमा उल्लेख थियो।

गत बिहीबार कांग्रेस सांसद खतिवडाले संसदमै प्रश्न उठाएका थिए। त्यस दिन गृहमन्त्री लामछानेले सांसद कोइरीलाई पक्राउ गर्न निर्देशन दिइसकेको बताएका थिए। सोही अनुसार गृहमन्त्रालयले शुक्रबार विज्ञप्ती जारी गरेको थियो। सोही विज्ञप्तीमाथि शनिवार संसदमा फेरि प्रश्न उठ्यो।

अर्थात, सरकार र सरकारी निकायमाथि सिधा प्रश्न गर्ने र कमजोरी भेटाउँने वित्तिकै सिस्टम र अभ्यासको कुरा नगरी तत्काल सम्बन्धित अधिकारीलाई निकम्मा करार गरिदिने पूर्व टेलिभिजनकर्मी लामिछानेको तरिका थियो। तर, अहिले यस्तै तरिकाबाट हैरान भएको वर्तमान गृहमन्त्री लामिछाने निकटस्थहरुसँग बताउँछन्। तथापि, उनी प्रश्नहरुबाट भाग्न सकिरहेका छैनन्।

शनिवार नै नयाँ वानेश्वर स्थित संसद भवन परिसरमा पत्रकाहरुको प्रश्नले घेरिएका गृहमन्त्री लामिछानेले लक्ष्मी महतो कोइरी प्रकरणमा छिट्टै रिजल्ट आउने दाबी गरे।

मधेस आन्दोलनका क्रममा प्रहरी सई थमन थापाको हत्या अभियोगमा फरार रहेका कोइरी महोत्तरी १ बाट निर्वाचित भएका थिए। उनलाई पक्राउ गर्नुपर्ने आवाज संसदमै उठेपछि उपप्रधान तथा गृहमन्त्री लामिछानेले पक्राउ गरी कानुनी कारबाही अघि बढाउन निर्देशन दिएका थिए। तर उनी पक्राउ परेका छैनन्, बरु संसद बैठकमा नियमित जस्तो उपस्थित हुने गरेका छन्।

बैठकपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेले यसमा छिट्टै रिजल्ट आउने बताए। सत्तारुढ दलको सांसदलाई कसरी पक्राउ गर्नुहुन्छ भन्ने प्रश्नमा उनले भने, 'पक्रिएको दिन अन्तर्वार्ता दिन आउँला।'

## नेपाल...

छन्। निर्वाचन परिणाम अनुसार अध्यक्षमा अरोरा ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक राजेन्द्र भण्डारी निर्वाचित भएका छन्। भण्डारी आफ्ना तीन प्रतिस्पर्धीलाई पराजित गर्दै अध्यक्षमा निर्वाचित भएका हुन्।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष भण्डारीले १ सय ९९ मत ल्याए। मञ्च नेकपा एमाले निकट वैदेशिक रोजगार व्यवसायी संस्था हो। भण्डारीका निकटतम प्रतस्पर्धी नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको विद्रोही समूहबाट अध्यक्षका उम्मेदवार बनेका भुवनसिंह गुरुङले १ सय ५७ तथा एशोसिएसनका आधिकारिक उम्मेदवार कुमुद खनालले १ सय ३१ मत पाए। यस्तै वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनको संयुक्त प्यानलका अध्यक्षका उम्मेदवार ईश्वर जिसीले १ सय २८ मत पाए।

अध्यक्ष भण्डारी एकै वर्षको अविधभित्र दुई संगठनको अध्यक्ष भएका छन्। उनी गत चैत १२ गते मञ्चको अध्यक्षमा निर्वाचित भएका थिए।

संघको प्रथम उपाध्यक्षमा मञ्चका वरिष्ठ उपाध्यक्ष डिकबहादुर खत्री 'कुमार' निर्वाचित भएका छन्। उनले २ सय ५३ मत पाएका छन्। उनका प्रतिद्वन्द्वी एशोसिएसनका किशोर केसीले १ सय ९६, गणतान्त्रिक मञ्चका धनलाल जैसीले १४२ र सुरज कुमार घुण्डेले १५ मत पाए।

द्वितीय उपाध्यक्षमा मञ्चका उम्मेदवार सञ्जु गुरुङ २ सय ६३ मत ल्याएर विजयी भए। उनका प्रतिद्वन्द्वी भुवन गुरुङ प्यानलका महमद जवाहरुद्दीन मियाँले १ सय २२, लोकतान्त्रिक एशोसिएसन प्यानलका अख्तर हुसेनले १ सय २ र गणतान्त्रिक समाजवादी प्यानलका बाबुराम खड्काले ९६ मत पाए।

तृतीय उपाध्यक्षमा मञ्चका उम्मेदवार रोशन कटुवाल १ सय ९२ मत ल्याएर विजयी भए। उनका प्रतिद्वन्द्वी लोकतान्त्रिक एशोसिएसनका सञ्जय पनेरुले १ सय ५७, गुरुङ प्यानलका मोहनकुमार ढुंगेलले १ सय २३, गणतान्त्रिक समाजवादी प्यानलका अनिल बोगटीले १ सय २६ र उम्मेदवारी फिर्ता लिएका अम्बरबहादुर न्यौपानेले १३ मत पाए। महासचिवमा लोकतान्त्रिक एशोसिएसन प्यानलका उम्मेदवार मेघनाथ भुर्तेल २ सय ६३ मत ल्याएर निर्वाचित भए। भुर्तेल यसअघि संघमा सचिवमा निर्वाचित भएका थिए। उनका प्रतिद्वन्द्वी प्रगतिशील मञ्चका उम्मेदवार मिलन कट्टेलले १ सय ८३ र गणतान्त्रिक तथा समाजवादी प्यानलका मधुकर रिजालले १ सय ५६ मत पाए।

सचिवमा लोकतान्त्रिक प्यानलका कर्णराज कटुवाल २ सय ४१ मत ल्याएर निर्वाचित भए। उनका प्रतिद्वन्द्वी मञ्चका राजेन्द्र अधिकारीले १ सय ४१, गणतान्त्रिक समाजवादी प्यानलका टक्करबहादुर पाखिनले ९४, गोमा गिरी क्षेत्री (अञ्जु)ले ४९, उम्मेदवारी फिर्ता लिएका हर्क लिम्बूले ३७ र गुरुङ प्यानलका प्रेमराज लावतीले ३९ मत पाए।

कोषाध्यक्षमा मञ्चकी उम्मेदवार सरिता घले २ सय २८ मत ल्याएर निर्वाचित भइन्। प्रतिस्पर्धी एशोसिएसनकी हिमा गुरुङले १ सय ४६, गुरुङ प्यानलकी हिरादेवी बुढाथोकीले १ सय २, गणतान्त्रिक समाजवादी प्यानलका केदारनाथ अधिकारी दिपेन्द्रले १ सय ३७ पाए भने सरस्वती सुवेदीले २ मत पाइन्।

कार्यसमिति सदस्यमा मंचका राजेन्द्र बस्नेत २ सय ९१, एशोसिएसनका विक्रम श्रेष्ठ २ सय ४६, गणतान्त्रिकको देवमाया थापा २ सय ४५, मंचका बैकुण्ठप्रसाद पौडेल २ सय ३२, एशोसिएसनका कैलाश पाठक २ यस ३०, मंचका देउमान नेम्वाङ २ सय २४, मंचका आनन्द कोइराला २ सय १८, एशोसिएसनका नारायण भुसाल २ सय १७, एशोसिएसनका तोरणबहादुर कार्की २ सय १२ र एशोसिएसनकै चन्द्रबहादुर लिम्बू २ सय १० मत ल्याएर निर्वाचित भए। कार्यसमितिका अन्य ४ जना अध्यक्षले मनोनयन गर्ने विधानमा व्यवस्था छ।

नवनिर्वाचित अध्यक्ष भण्डारीले मतदान गरी संघ अध्यक्षको गरिमामय जिम्मेवारीमा निर्वाचित गरेकोमा मतदानमा भाग लिने व्यवसायीहरुलाई धन्यवाद व्यक्त गर्दै अन्य प्यानलका प्रतिस्पर्धी उम्मेदवार हरुले उठाएका व्यवसाय सुधारका जायज मुद्दाहरुलाई समेटेर अघि बढ्ने बताए।

लोकतान्त्रिक एशोसिएसनका अध्यक्षका पराजित उम्मेदवार खनालले एशोसिएसनका अग्रजहरुको अकर्मण्यता र घेराबन्दीका कारणले नेतृत्वमा पराजय खेप्नुपरेको बताए। संघ कार्यसमितिमा एशोसिएसनका आधा उम्मेदवारले विजय हासिल गरेका कारण परिणामबाट दुखी हुने ठाउँ नरहेको उनको भनाइ छ।

एशोसिएसनलाई अग्रजहरुले सहीरुपमा मार्गनिर्देशन गर्न नसकेको स्पष्ट भएको भन्दै खनालले एशोसिएसन पूर्णरुपमा युवा व्यवसायीलाई जिम्मेवारी दिएर रुपान्तरण गर्ने बताए। संस्थाभित्र नेतृत्व जन्माउने विषयले नेतृत्वको क्षमताको परीक्षण हुने भन्दै खनालले आफू त्यसमा सफल भएको बताए।

एशोसिएसनका विद्रोही प्यानलले कार्यसमितिमा एक जना पनि निर्वाचित गर्न नसक्नु र अध्यक्षका उम्मेदवार र अन्य उम्मेदवारले पाएको मतमा रहेको भिन्नताले नेतृत्वले सहकर्मीहरुलाई धुलिसात पारेको प्रमाणित भएको उनले टिप्पणी गरे। अध्यक्षमा विजयी भण्डारीले १ सय ९९ र अन्य पदाधिकारीले पाएको मतको भिन्नता हुनुमा प्रजातान्त्रिक व्यवसायीको भूमिकाको पनि विश्लेषण गरिनुपर्ने उनले बताए।

निर्वाचनमा पराजय भोगेपछि एशोसिएसन अध्यक्षबाट राजिनामा दिनुहुन्छ ? भन्ने प्रश्नमा त्यो विषय कार्यसमितिको निर्णयमा भरपर्ने भन्दै खनालले कार्यसमितिमा छलफलपछि निर्णय गर्ने उल्लेख गरे।

अध्यक्षमा पराजित गुरुङले एजेण्डाका आधारमा संघप्रति दृष्टिकोण बनाउने र अभिभावकीय भूमिका निर्वाह गर्न चुकेकोले एशोसिएसन नेतृत्वले राजीनामा दिनुपर्ने माग गरे। एशोसीएसनका अध्यक्षका दुई उम्मेदवारले पाएको मतको आधारमा को बलियो भन्ने प्रष्ट भएको भन्दै नेपाली कांग्रेसले त्यसको समीक्षा गर्नुपर्ने भन्दै उनले आफू पार्टीको निर्णयका आधारमा अघि बढ्ने प्रतिक्रिया दिए। अध्यक्षका अर्का पराजित उम्मेदवार जिसीले अध्यक्षको प्रतिस्पर्धा शुक्रबार रातिदेखि नै सकिएको भन्दै आफूले निर्वाचनमा व्यवसायीको सामाजिक प्रतिष्ठा बढाई शिर ठाडो पार्ने प्रतिबद्धता जनाएकाले आगामी दिनमा संघ नेतृत्वसँग सहकार्यमा कमी आउन नदिने बताए।

महासचिव पदमा निर्वाचित भुर्तेलले संघको निवर्तमान तदर्थ कार्यसमितिले जिम्मेवारी लिनुभन्दा पहिलेदेखि सुधारको पाइपलाइनमा रहेका व्यवसायी भलाइ कोष, ऐनमा समसामयिक सुधार, संख्या सय समस्याको समाधान, फेमिस समस्याको समाधान र भवन निर्माण कार्यलगायतका काम अघि बढाउने बताए।

## संघलाई ...

कारण व्यवसायीले गाडी पार्किङमा समस्या खेप्नु परेको थिएन। कार्यालय सचिव अर्यालले संघका नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुको पदवहाली भने सोमबार हालकै कार्यालय बत्तीसपुतलीमा हुने बताए। नवनिर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुले शनिबार बिहान पद तथा गोपनीयताको शपथ लिइसकेका छन्।

# चालिसे र पौडेललाई 'गोविन्द वियोगी' पत्रकारिता पुरस्कार



**नुवाकोट/मस-** गोविन्द वियोगी पत्रकारिता पुरस्कारबाट पत्रकारद्वय नवराज चालिसे र माधव प्रसाद पौडेल पुरस्कृत भएका छन्। सम्पादक समाज नेपालले प्रत्येक वर्ष प्रदान गर्दै आएको 'गोविन्द वियोगी पत्रकारिता पुरस्कार २०७९' बाट न्यूज २४ टेलिभिजनका कार्यक्रम संयोजक चालिसे र गोविन्द वियोगी विशेष पत्रकारिता पुरस्कारबाट नेपाल फेस अनलाइनका सम्पादक पौडेललाई पुरस्कृत गरिएको हो।

नुवाकोटको शिवपुरी गाउँपालिका ७ मा अवस्थित सम्पादक समाजको आफ्नै भवनमा शनिबार आयोजित एक कार्यक्रमकाबीच पत्रकारद्वयलाई नगद पुरस्कारसहित पुरस्कृत गरिएको हो। गोविन्द वियोगी पत्रकारिता पुरस्कारको नगद राशी रु २५ हजार र विशेष पत्रकारिता पुरस्कारको राशी रु १५ हजार रहेको छ। पुरस्कार ग्रहण गर्दै पत्रकार चालिसेले आफूले प्राप्त गरेको रु २५ हजार धनराशी पशुपति क्याम्पसको आमसञ्चार विभागलाई प्रदान गर्ने घोषणा गरेका छन्। कार्यक्रममा नेपाल टेलिभिजनका संस्थापक महाप्रबन्धक नीर शाह, सञ्चारिका समूह नेपालका अध्यक्ष विमला तुम्खेवा र अग्रहज पत्रकार तथा साहित्यकार बुंद रानालाई सम्मानित गरिएको छ।

सो अवसरमा विभिन्न वक्ताहरुले नेपाली पत्रकारिता क्षेत्रमा स्वर्गीय गोविन्द वियोगीको योगदानको चर्चा गरे। पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले नेपालमा समय समयमा भएका निर्णायक जनआन्दोलनमा नेपाली प्रेस जगतले खेलेको भूमिका अतुलनीय रहेको बताए। उनले पत्रकार वियोगीले नेपालमा मातृभूमी साप्ताहिक मार्फत वामपन्थी प्रगतिशील पत्रकारिताको मानक स्थापना गरेको स्मरण गरे। गोविन्द वियोगीले शुरु गरेको पूर्वाग्राहीरहित र मर्मसहितको पत्रकारिताको खाँचो अहिले पनि रहेको भट्टराईले बताए।

नेकपा एमालेका नेता तथा पूर्वमन्त्री अमृतकुमार बोहोराले २०४० सालमा सिन्धुपाल्चोकको पिस्करमा भएको राज्यको दमन र निर्दोष जनतालाई तत्कालीन सरकारका सेनाले घेराबन्दी गरेपछि पत्रकार वियोगीको नेतृत्वमा ३२ जना पत्रकारहरुले स्थलगत रिपोर्टिङ गरेर निष्पक्ष रुपमा समाचार सम्प्रेषण गरेपछि सरकारपछि हट्न बाध्य भएको बताए। पिस्करमा सोझासीधा निर्दोष जनतालाई राज्यले गरेको दमनविरुद्ध स्वर्गीय वियोगीले २०४० माघ १७ गते प्रकाशित गरेको मातृभूमी साप्ताहिकको सम्पादकीय नेपाली पत्रकारिता क्षेत्रकै कोशेढुंगाको रुपमा रहेको नेता बोहोराले बताए।

कार्यक्रममा सम्पादक समाजका अध्यक्ष वरिष्ठ पत्रकार पुरु रिसालले नेपाली पत्रकारिता क्षेत्र इमान्दार र जिम्मेवार बन्न आवश्यक भएको औंल्याए। समाजले निकट भविष्यमा पत्रकारितामा लाग्न चाहने नयाँ पुस्तालाई पत्रकारिताको पेशागत तालिम र प्रशिक्षण कक्षाहरु सञ्चालन गर्दै जाने उनको प्रतिवद्धता थियो।

# 'कमल तामाङ बचाउ' अभियानमा लमजुङ सेवा समाज कतारको सहयोग

**बिनोद थापामगर/मध्यान्ह**
दोहा, कतार, ७ माघ



लमजुङ सुन्दरबजार निवासी मिर्गौला पीडित कमल तामाङको उपचारार्थ सहयोगका लागि चलाइएको 'कमल तामाङ बचाउ' अभियानका लागि कतारमा बस्ने नेपालीहरुले आर्थिक सहयोग गरेका छन्।

लमजुङ सेवा समाज कतारबाट संकलित ५३ हजार २ सय ८५ रुपैयाँ एक कार्यक्रमकाबीच कमल तामाङकी आमालाई हस्तान्तरण गरिएको हो। बिहीबार आदर्श बाल माध्यमिक विद्यालयको वार्षिकोत्सवको अवसरमा विदेशमा बस्ने नेपालीहरुले गरेको उक्त सहयोग रकम लमजुङ सुन्दरबजार नगरपालिकाका नगर प्रमुख कृष्णप्रसाद कोइरालाले कमल तामाङको परिवारलाई उपलब्ध गराएका हुन्।

कार्यक्रममा सुन्दरबजार वडा न. ६ का वडा अध्यक्ष दिनेश बाबु कोइराला, नेपाल पत्रकार महासंघ लमजुङका अध्यक्ष परमेश्वर अधिकारी, सेवा समाजका सल्लाहकार कर्ण तामाङलगायतको उपस्थिति रहेको थियो। कर्ण तामाङले सो संकलित रकम नगरपालिकाका प्रमुखलाई उपलब्ध गराएका थिए।

लमजुङ सेवा समाज कतारका अध्यक्ष सिताराम थापा, तृतीय उपाध्यक्ष कल्याण थापा, लमजुङ क्षेत्र नं. २ का संयोजक रविन्द्र भण्डारी, सुन्दरबजार नगरपालिका संयोजक प्रशान्त कुमाललगायतको पहलमा कतारमा रहने २७ जना लमजुङेहरुले उक्त रकम संकलन गरेर पठाएका थिए।

सुन्दरबजार नगर पालिका वडा न ६, ऐसेलुचौर निवासी कमल तामाङको दुबै मिर्गौला फेल भई पुरानो मेडिकल कलेज भरतपुरमा उपचाररत रहेका छन्। अहिले मिर्गौलाको डायलासिस भइरहेको र मिर्गौला फेर्नुपर्ने भएकाले आर्थिक अभावका कारण तामाङ परिवारले सबैसँग सहयोगको याचना गरेको छ। तामाङको परिवारले सहयोग गर्न चाहनेहरुलाई रविना तामाङको नाममा एनसीसी बैंकमा रहेको खाता नम्बर १९६०००००२१३० एल मा वा सिधै ९८०४१८८५९७ तथा ९८१६६८४१४ मा सम्पर्क गरेर उपलब्ध गराउन सकिने जनाएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
नाम परिवर्तनको सूचना
**टेमी बिड्स प्रा.लि.** बाट **टेमी बिड्स प्रा.लि.** मा परिवर्तन भएको सूचना सबैलाई जानकारी गराईन्छ। अब उप्रान्त हुने कम्पनीको सम्पूर्ण कारोबार **टेमी बिड्स प्रा.लि.** बाट हुने व्यहोरा जानकारी गराईन्छ। कम्पनीको जायजेथा यथावत रहेको छ। (प्रा.लि. नं. २९६२४३०)

# भेरी अस्पताललाई स्वास्थ्य सामग्री




**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, ७ माघ

सहकर्मी समाज बाँकेले भेरी अस्पताललाई स्वास्थ्य सामग्री प्रदान गरेको छ । कोभिड आपतकालिन प्रतिकार्य नेपाल कार्यक्रम अन्तर्गत कोरडाइड र सहकर्मी समाजको आर्थिक सहयोगमा अस्पताललाई १८ लाख ६८ हजार ५ सय बराबरको सामग्री हस्तान्तरण गरिएको संस्थाका जिल्ला कार्यक्रम संयोजक अन्जु गुरुङले बताइन् । सहकर्मी समाजका कार्यकारी निर्देशक अमरबहादुर ऐरले भेरी अस्पतालका मेसु डा. वीरेन्द्रबहादुर चन्दलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेका हुन् ।

स्वास्थ्य सामग्री ग्रहण गर्दै अस्पतालका मेसु चन्दले अस्पतालमा सेवा प्रवाहमा सहयोग पुग्ने बताए । यस्तै सहकर्मी समाजका कार्यकारी निर्देशक ऐरले अस्पतालमा सामग्री हस्तन्तरण गर्न पाउँदा खुशी व्यक्त गरे । समाजले गत वर्ष पनि भेरी अस्पताललाई स्वास्थ्य सामग्री प्रदान गरेको थियो ।

अस्पताललाई ४ सय थान गाउन, ६ सय ५० थान पीपीई सेट, ९ हजार ४ सय थान ग्लोब्स, २ सय थान सोडियम हाइपोक्लोराइड, एक थान डिस्पेन्सर, २ थान बिपी सेट, २ सय थान नसल प्रोङ्ग, २ थान अक्सिमिटर र ८ हजार २ सय ५० थान मास्क हस्तान्तरण गरिएको संस्थाले जनाएको छ । सामग्री हस्तान्तरण कार्यक्रममा सहकर्मी समाजका अर्गनाइजेशन डेभलपमेन्ट अफिसर धनश्याम आचार्य, प्रोग्राम अफिसर चम्फा सिंह भण्डारी र फाइनान्स अफिसर सुरज राईलगायतको सहभागिता थियो ।

# बस दुर्घटनामा ४५ जना घाइते



**जगत ठाडा मगर/मध्यान्ह**
परासी, ७ माघ

नवलपरासीमा भारतीय तीर्थालु सवार बस दुर्घटना भएको छ । दुर्घटनामा चालकसहित ४५ जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार शनिबार बिहान करिव साढे ११ बजे पाल्हिनन्दन गाउँपालिका १ झरहीखोला नजिकै रमपुरवास्थित भित्रि सडक खण्डमा बस दुर्घटना भएको हो ।

यूपी १६ एफटी ७४६६ नम्बरको बस त्रिवेणीधाम मेलाबाट भारततर्फ जाने क्रममा स्टेरिङ फेल भई बस अनियन्त्रित भएर सडकबाट अन्दाजी १० मिटर तल खसेको थियो ।

बसमा ६०/६५ जना सवार रहेका मध्ये ४५ जना भारतीय तीर्थालुहरु घाइते भएका छन् । घाइतेहरुको प्रहरी र स्थानीयले उद्धार गरी उपचारका लागि जिल्लास्थित पृथ्वीचन्द्र अस्पतालमा लगिएको थियो । घाइते सबै सामान्य उपचार पश्चात डिर्चाज भएको जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीका सूचना अधिकारी भोजराज पाण्डेयले बताए ।

# दुर्घटनाग्रस्त विमानको 'ब्ल्याक बक्स' फ्रान्स पठाइँदै




**काठमाडौं/मस**–यही माघ १ गते पोखरामा भएको यती एयरलाइन्सको विमान दुर्घटनाको प्राविधिक विश्लेषणका लागि 'ब्ल्याक बक्स' फ्रान्स पठाइने भएको छ । फ्रान्समा रहेको एटिआर विमान निर्माता कम्पनीसमक्ष प्राविधिक विश्लेषणका लागि पठाउन लागिएको हो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव एवं विमान दुर्घटना जाँच आयोगका सदस्यसचिव बुद्धिसागर लामिछानेले विज्ञसहित ब्ल्याक बक्स फ्रान्स पठाउन लागिएको बताए ।

उनले भने, 'ब्ल्याक बक्स परीक्षणका लागि अर्को हप्ता जहाज निर्माता कम्पनी फ्रान्स पठाउँदैछौं । दुर्घटनाको प्रभावकारी अनुसन्धानका लागि यसले सहयोग पुग्ने विश्वास गरेका छौं ।' दुर्घटनापछि हुने अनुसन्धानको स्वतन्त्र विश्लेषणका लागि विमान निर्माता कम्पनीसमक्ष नै ब्ल्याक बक्स पठाउन लागिएको उनको भनाइ छ ।

उनले भने, 'ब्ल्याक बक्सबाट तथ्याङ्क निकाल्ने मात्रै कुरा हुँदैन । सामान्य अनुसन्धान र दुर्घटनापछि गरिने अनुसन्धान फरक पर्ने भएकाले प्राविधिक विश्लेषणका लागि फ्रान्स पठाउन लागिएको हो ।' उनका अनुसार ब्ल्याक बक्ससहित दुर्घटना जाँच आयोगका विज्ञ टोली पनि फ्रान्स जानेछन् । आयोगले हालसम्म दुर्घटनाको स्थलगत अनुगमन, आवश्यक कागजात संकलन तथा विज्ञसँग छलफल गरिसकेको छ ।

विमान दुर्घटनापछि एटिआर विमान निर्माता कम्पनीबाट आएको नौ सदस्यीय टोली प्रारम्भिक अध्ययन गरी फर्किसकेको छ । सहसचिव लामिछानेले आयोगको सुपरीवेक्षणमा रहेर उक्त टोलीले आवश्यक अध्ययन गरेको र आयोगसँग समन्वय गर्दै र आवश्यक परे फेरि नेपाल आउने गरी स्वदेश फर्किएको जानकारी दिए ।

ब्ल्याक बक्स विमान दुर्घटना भएको भोलिपल्ट माघ २ गते बिहान भेटिएको थियो । ब्ल्याक बक्स विमान दुर्घटनाको कारण पत्ता लगाउन महत्वपूर्ण मानिन्छ । ब्ल्याक बक्समा 'फ्लाइट राडर रेकर्ड' र 'ककपिट भ्वाइ रेकर्ड' हुन्छ ।

काठमाडौंबाट पोखराका लागि उडेको यती एयरलाइन्सको कलसाइन ९-एएनसी (एटीआर-७२-२१२)विमान पोखरा अन्तर ाष्ट्रिय विमानस्थलबाट करिब १८ मिटर पर सेती नदीको खोँचमा दुर्घटना भएको थियो । उक्त विमानमा सवार चालक दलका सदस्यसहित ७२ मध्ये ७१ जनाको निधन भइसकेको छ भने बाँकी एकजनाको खोजी जारी छ ।

पोखरा विमानस्थलका प्रमुख विक्रम गौतमका अनुसार शव भेटिएका ७१ जना र थप एक जनाको शव पहिचानका लागि डिएनए परीक्षण गर्न लागिएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले दुर्घटना जाँच आयोगले तीव्रताका साथ काम गरिरहेको बताए । सरकारले विमान दुर्घटनाबारे जाँच गर्न पाँच सदस्यीय दुर्घटना जाँच आयोग गठन गरेको थियो । पूर्वसचिव नागेन्द्र घिमिरे संयोजक रहेको आयोगका सदस्यमा हवाई विज्ञद्वय दीपकप्रकाश बाँस्तोला (अवकाशप्राप्त उपरथि) र सुनिल थापा (अवकाशप्राप्त क्याप्टेन) तथा हवाई मर्मत इन्जिनियर एकराजजङ्ग थापा छन् । आयोगको सदस्यसचिवमा पर्यटन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने छन् ।

# २३ वटै योजनाको उपभोक्ता समितिको अध्यक्षमा महिला

**प्रेम ओड/मध्यान्ह**
बैतडी, ७ माघ



बैतडीको पाटन नगरपालिका-१ मा सबै योजनाको उपभोक्ता समितिमा महिला अध्यक्ष छन् । नगरपालिकाबाट विनियोजन भएका सबै योजनाको उपभोक्ता समितिको अध्यक्षमा महिला चयन गरिएको हो । पाटन नगरपालिकाले उपभोक्ता समिति गठन गर्दा महिलालाई प्रमुख पदमा प्राथमिकतामा राख्ने पहिलो कार्यपालिका बैठकबाट निर्णय गरेको थियो । सोही अनुरुप वडा नं १ मा निर्माण हुने सबै योजनाको उपभोक्ता समितिमा महिला अध्यक्ष रहेका छन् । वडामा कार्यान्वयनको चरणमा रहेका २३ वटै योजनाको उपभोक्ता समितिको अध्यक्षमा महिला चयन गरिएको वडा अध्यक्ष तर्क ठगुन्नाले बताए ।

विकास निर्माणका कामको महिलाहरु नै बढी उपयोग गर्ने गरेकाले उनीहरुलाई नै कामको जिम्मेवारीमा राखिएको उपप्रमुख कमलसिंह बोहराले बताए । 'गाउँमा हुने विकासको प्रत्यक्ष लाभान्वित महिला वर्ग नै हुन्छन्, खानेपानी, बाटोघाटो, पूलपुलेसा उपयोग गर्नेमा महिलाहरु नै बढी हुन्छन्, त्यसैले आफुले उपयोग गर्ने कामलाई उत्कृष्ट बनाउने छन् भन्नेमा विश्वस्त छौं,' उपप्रमुख बोहराले भने । आफुले उपयोग गर्ने कामलाई उत्कृष्ट बनाउने सोचमा पनि महिलाहरु हुने भएकाले महिलाले गर्ने काम गुणस्तरीय हुनेमा पनि विश्वस्त रहेको उनले बताए । विकास निर्माण लगायत अन्य कार्यक्रमको बारेमा अनुभव समेत हुने भएकाले महिलाहरुको क्षमता अभिवृद्धिमा समेत टेवा पुग्ने उपप्रमुख बोहराले बताए ।

योजनाको अध्यक्षमा चयन भएपछि उत्साहित भएको महिलाहरु बताउँछन् । 'राम्रो काम गरेर देखाउने सोंचमा छौं, यहि हप्तादेखि कामको सुरुवा गर्दे छौं,' डैसीली-गेरडा सडक योजनाका अध्यक्ष भागरथी बोहराले भनिन्,' यसवर्ष राम्रो काम गरेर देखाउँछौं ।' आफ्नो ठाउँको काम आफैँले जिम्मेवारी लिएर गर्न पाउँदा निकै खुसी लागेको उनले बताइन् । महिलाले गरेको काम बिग्रियो भनेर भन्ने समय आउन नदिने उनको अठोट छ ।

वडा नं १ को जणमेला-सकार सडकखण्डको उपभोक्ता समितिको अध्यक्षको जिम्मेवारीमा रहेकी देवकी भट्टराई समितिको अध्यक्षमा बस्न पाउँदा जिम्मेवारी बोध भएको बताउँछिन् । 'यसअघि पनि उपभोक्ताको अध्यक्षमा बस्न खोजेकी थिएँ, तर मानेन् । यसवर्ष नगरपालिकाले नै महिलालाई प्राथमिकतामा राख्ने भनेपछि, अध्यक्षमा दाबी राखे । आफ्नै ठाउँको कामको जिम्मेवारी पाए । राम्रो काम गर्छु सबैको सहयोग चाहिन्छ' भट्टराईले भनिन् । समितिका सबै पदाधिकारीहरुसँग आवश्यक समन्वय र सल्लाह लिएर काम गर्ने उनले बताइन् ।

१० वडा रहेको पाटन नगरपालिकाका अन्य वडामा पनि उपभोक्ता समितिको अध्यक्षमा महिला चयन भएका छन् । वडा नं ८ का पाँच योजनाको अध्यक्षमा महिलाहरु रहेका छन् । वडा नं १० मा पनि ६ वटा योजनाको अध्यक्षमा महिला चयन गरिएका छन् । सबैजसो वडाहरुमा महिलाहरुलाई कुनै न कुनै योजनाको अध्यक्षमा चयन गरिएको नगरपालिकाले जनाएको छ ।

योजनाको जिम्मेवारीमा रहेका महिलाहरु उत्कृष्ट काम गर्ने गरेको वडा नं १० का वडा अध्यक्ष धनबहादुर कुँवरले बताए । गत आर्थिक वर्षमा वडा नं १० को ब्रम्हराहु मन्दिर निर्माण योजनाको अध्यक्षको जिम्मेवारीमा रहेकी पार्वती भट्ट उत्कृष्ट काम गरे वापत नगरपालिकाबाट पुरस्कृत समेत भएकी थिइन् । यस वर्ष पनि उनलाई योजनाको उपाभोक्ता समितिको अध्यक्षमा चयन गरिएको छ ।

पाटन नगरपालिकाले वडाबाटै योजनाको सम्झौता गरिरहेको छ । प्रत्येक वडा कार्यालयमा नगरपालिकाका योजना शाखाका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र योजना शाखाका अन्य कर्मचारीसहित वडामै पुगेर योजनाको सम्झौता गरिरहेको पाटन नगरपालिकाका नगर प्रमुख गौरी सिंह रावलले बताए । यसअघि उपभोक्ता समितिका पदाधिकारीहरुले नगरपालिकाको कार्यालयमै पुगेर योजना सम्झौता गर्दा झन्झटिलो हुने गरेको थियो ।

योजना सम्झौताका क्रममा नगरपालिकाको तर्फबाट योजना निर्माण तथा कार्यान्वयनको विषयमा पनि प्रशिक्षण दिइरहेको छ । नगरपालिकाले योजना सम्झौता र योजना कार्यान्वयनका बारेमा जानकारी समेत दिइरहेकाले काम गर्न सहज हुने पाटन १ की लक्ष्मी भट्टराईले बताइन् ।

विकास निर्माण कार्यान्वयनका क्रममा समस्या भएको अवस्थामा योजना शाखाका कर्मचारी, जनप्रतिनिधिलाई सहजै सम्पर्क गर्न पनि नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र प्रसाद भट्टले जानकारी दिए ।

# 'डान्सबार' को लोकार्पण



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ७ माघ

देलैखको डाँडापराजुलमा जन्मिएर सुर्खेतलाई कर्मथलो बनाउँदै आएका कथाकार उमालाल आचार्यको दोस्रो कथाकृति 'डान्सबार'को लोकार्पण गरिएको छ । लामो समयदेखि कर्णाली प्रदेशमा रहेर साहित्य र नाटकमा कलम चलाउँदै आएका आचार्यको कथा संग्रह 'डान्सबार'को शनिबार वीरेन्द्रनगरमा आयोजित एक समारोहकाबीच नाति सौहार्द आचार्यले लोकार्पण गरेका हुन् ।

'डान्सबार' कथा संग्रहमा ८ वटा कथा समावेश गरिएको छ । जसअन्तर्गत 'कालो पूर्णिमा', 'डान्सबार', 'कुरुवा', 'भरोसा', ' एउटा पर्चा','पहिरो,' 'अनुराग' र 'दिदी' रहेका छन् । 'डान्सबार' कृतिमा समावेश भएको पहिलो कथा कालो पूर्णिमा विशेष प्रेम सम्बन्धमा आधारित रहेको छ । पहिलो कथाको पात्रका रुपमा 'म' रहेको र पात्रको कुनै केटीसँग प्रेम सम्बन्ध बसेको थियो । जुन प्रेम सम्बन्धमा भएका पात्र जागिरको सिलसिलामा बाहिरी देशमा गएको लेखिएको छ । उनीहरुको प्रेम सम्बन्ध हुँदाहुँदै फागुपूर्णिमा होलीको दिनमा झनै प्रेम सम्बन्ध प्रगाढ भएको उल्लेख गरिएको छ ।

फागु पूर्णिमा होली मनाएर उनी जागिरबाट बिदाका लागि आफ्नो घर नेपाल फर्किएका थिए । उनी नेपालमा केही दिन मात्रै बसे । केही समयको बसाईंपछि उनी पुनः कर्मथलोमा फर्किए । जब उनी कर्मथलोमा पुगे समय परिर्वतन भयो । उनको प्रमिकाको विवाह अर्कै केटासँग भयो ।

पूर्णिमाका दिनमा त्यति प्रगाढ भएको प्रेम केहि दिनपछि बिछोडमा परिणत भएको हुँदा उनले कथाको शिर्षक 'कालो पूर्णिमा' राखेका हुन् । यस्तै दोस्रो कथा 'डान्सबार' समाजमा भएका विकृतिलाई चित्रण गर्न खोजिएको छ । जसमा पात्रका बुबा अस्पतालमा मृत्युसँग लडिरहँदा उनी पैसा सञ्चयकोषबाट ल्याउन काठमाडौं गए । काठमाडौं पुगे लगत्तै उनलाई आफ्नै गाउँका साथीले सहयोग गर्दिन्छु भनि पैसा लुटेको र त्यसपछि बुबा भएको अस्पतालमा आउँदा बुबाको निधन भएको थियो । उनको सबै कथाहरु पाठकलाई स्तब्ध बनाउने सामर्थ्यका छन् । 'डान्सबार' कथा संग्रहमा समाज, राजनीतिक, साँस्कृतिक, विगत, वर्तमान, विभिन्न ठाउँ, विभिन्न ठाउँमा बोलिने भाषाहरुको पक्षलाई उठान गरिएको छ । लेखक आचार्यले 'डान्सबार' कथा संग्रह प्रकाशन गर्न एक वर्ष लागेको बताए । उनले यो भन्दा पहिले २०७३ सालमा 'कसुर' नामक कथा संग्रह बजारमा ल्याइसकेका छन् । 'कसुर' कथा संग्रहमा ९ वटा कथा समावेश थिए ।

पहिलो कथासंग्रह कसुरबाट पाठकहरुको धेरै माया पाएको हुँदा दोस्रो 'डान्सबार' नामक कृति ल्याएको पनि उनले बताए । उनका अनुसार 'डान्सबार' कृतिमा समावेश भएका कथाहरु लेख्न करिब दुई वर्ष लागेको थियो ।

यस्तै शनिबार नै मदन पुरस्कार प्राप्त लेखक रामलाल जोशीको आख्यान ' बाआमा' माथिको विमर्श गरिएको छ । जोशीले लेखेको आख्यानमा करिब १२ वटा कथा समावेश गरिएको छ । जसमा 'लेखिएको कथा', 'नलेखिएको बयान', 'भेटिएकी देवी', 'साथीको सम्झना', 'गुरुको साथ' र 'छोराको सपना' लगायत एक दर्जन कथाहरु समावेश छन् । उक्त आख्यानमा सुरुमा भएको पात्र पुनः अन्तिम तिर दोहोरिएको छ । ती आख्यानमा अन्तरजातीय प्रेम सम्बन्ध, सामाजिक सञ्जाल, विगतमा भएका चिठीपत्र, आमा र छोराको मायाप्रेम, पहाडमा भएका मानिस तराईमा आएर परिर्वतन भएको कुराहरु समावेश छन् ।

उक्त लोकार्पण समारोह र विमर्श कार्यक्रम कर्णाली साहित्य समाज सुर्खेतले आयोजनामा सम्पन्न भएको हो । कार्यक्रममा कर्णाली साहित्य समाजका अध्यक्ष खगेन्द्र अधिकारीको अध्यक्षतामा सम्पन्न भएको हो । कर्णाली साहित्य समाजकी सचिव सरस्वती पन्तले सहजीकरण गरेको कार्यक्रममा विभिन्न विद्यालयका प्रधानाध्यापक, बुद्धिजिवि, लेखक, कलाकार र विद्यार्थी लगायत सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा लोकार्पण गरिएको 'डान्सबार'को टिप्पणी गणेश भक्त र विमर्श भएको आख्यान 'बाआमा'को टिप्पणी बासुदेव पाण्डेले गरेका थिए ।

# अनाथ बालबालिकाको सहयोगार्थ सांस्कृतिक कार्यक्रम

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ७ माघ

दोहा-नेपाली महिला समाज कतारले आयोजना गरेको विविध सांस्कृतिक तथा वनभोज कार्यक्रम सम्पन्न भएको छ । ' अनाथ आश्रममा रहेका बालबालिकाहरूको सहयोगार्थ' विविध सांस्कृतिक तथा वनभोज कार्यक्रम आयोजना गरिएको थियो । विधिवत उद्घाटनसहित अघि बढेको कार्यक्रममा समाजकी उपाध्यक्ष अप्सरा खानले स्वागत मन्तव्य राखेकी थिइन् ।

आरुषी रिजाल, आरजु राई, प्रज्ञा निउरे, बार्वी खड्का, समृद्धि सापकोटा, आरोही थापा, कृजल पन्थी र दिया सिंहलगायतका बाल कलाकारहरूले कार्यक्रममा स्वागत नृत्य प्रस्तुत गरेका थिए । समाजकी अध्यक्ष सरिता पौडेल भण्डारीको सभापतित्व तथा नेपाली राजदूतावासका द्वित्तीय सचिव प्रविण भट्टराईको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो । शुभकामना मन्तव्यका क्रममा प्रमुख अतिथि भट्टराईले महिला समाजसँग सहकार्य गर्नका लागि आफू तयार रहेको बताए । ३ लाख ७० हजार नेपाली रहेको कतारमा १२ हजार नेपाली युवती कतारमा रहेपनि समस्या अनगिन्ती आउने गरेको र त्यसका समाधानका लागि महिला समाजले सहयोग गरेको आफूले प्रत्यक्ष देखेको उनको भनाइ थियो । उनले श्रमिकहरूको पीडामा सहयोग गर्न नेपाल सरकार र नियोग सँधै तत्पर रहेको बताए ।



कार्यक्रम मार्फत् कतारलाई बिट मारेर जान लागेका समाजकी महासचिव कामना केसी, कार्यकाल सकेर नेपाल फर्किन लागेका प्रमुख अतिथि भट्टराई र समाजमा तथा कलाकारिताको क्षेत्रमा योगदान पुऱ्याए बापत साम सुनुवारलाई दोसल्ला ओढाएर मायाको चिनो र सम्मान पत्रले सम्मान गरिएको थियो । कार्यक्रममा थुप्रै व्यक्तिहरूले शुभकामना मन्तव्य राख्दै समाजले कतारदेखि नेपालसम्म गरेका कार्यको प्रशंसा गरेका थिए । समाजले विगत २ वर्षदेखि अनाथ बालबालिकालाई सहयोग गर्दै आइरहेकोमा धन्यवाद समेत व्यक्त गरेका थिए ।

कतारमा रहेका चर्चित स्थानीय कलाकारहरूको सांगीतिक प्रस्तुति रहेको कार्यक्रममा रेश्मी सेन्चुरी, बाबु कौशल, गुना मगर निशु, दीपक नेपाली, ईशान रेग्मी र मनिष गोस्वामीले आफ्नो प्रस्तुतिले उपस्थितलाई नचाएका थिए । सफल कोइराला, शान्ति वली, सपना परियार, दिज्ञा सिंह, प्रतीक्षा निउरे, चन्द्रमाया मगर, सृजना गुरुङ, दिया सिंह, आरोही थापा र जिया हमालले एकल नृत्य पेस गरे भने मनु राई र सृजना गुरुङ, जिया हमाल र कृजल पन्थी, जनक मगर र सविना मगरले युगल नृत्यले उपस्थितलाई मनोरञ्जन प्रदान गरेका थिए । कार्यक्रममा कौराहा नृत्य मुख्य आकर्षण बन्यो ।

जनक थापा मगरको कोरियोग्राफीमा पेश गरिएको कौराह नृत्यमा रेखा मगर, शर्मिला मगर, सविना मगर, सुनिता शेर्पा, सुमि कुमाल, शकुन्तला क्षेत्री, ललिता लामा र कुमारी लामाले जादुमयी नृत्य कौशल पेश गरेका थिए । माया केसी र सन्ध्या अर्यालले मिलेर सञ्चालन गरेको कार्यक्रमको समापन गर्दै सभापति पौडेलले महिला समाज सबै नेपाली महिलाहरूको साझा संस्था रहेको बताइन् । कुनै विपद् परेमा समाजलाई सम्झिन आग्रह गर्दै आफूहरू कतारमा कार्यरत महिलाहरुसँग सहकार्य गदै अगाडि बढ्ने उनको प्रतिबद्धता थियो ।

मध्यान्ह दैनिक उक्त कार्यक्रमको सञ्चार सहयोगीका रूपमा रहेको थियो । 'नेपाली महिला समाजको चाहना, एकता र सहयोगको विशुद्ध सामाजिक भावना' भन्ने मूल नाराका साथ वि.स. २०६९ सालमा समाजको स्थापना भएको हो ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
८ माघ २०७९, आइतबार
22 January 2023, Sunday

## सम्पादकीय

# नभेटिएको सरकार

संघसहित सातै प्रदेश सरकारमा नयाँ सरकार बनेको छ । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले लगभग पूर्णता पाइसकेको छ । दुई मन्त्रालय आफैँसँग राखेर प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषद् बिस्तार गरिसकेका छन् । प्रदेशहरूले पनि नयाँ सरकार पाइसकेको छ । सातै प्रदेशमा अहिलेका सत्तारूढ दलका नेताहरू मुख्यमन्त्री निर्वाचित भएका छन् । मुख्यमन्त्रीहरूले मन्त्रिपरिषद्लाई बिस्तार गरिरहेका छन् । मंसिरको चुनावबाट प्राप्त जनादेश अनुसार, संघ र प्रदेशको व्यवस्थापिका सञ्चालनमा आइसकेको छ । व्यवस्थापिकामा जनप्रतिनिधिहरूले आफ्नो कुरा राख्न पनि थालिसकेका छन् । तर तिनै जनप्रतिनिधि चयन गर्ने मतदाता चाहिं अत्याधिक चिसोको मारमा परिरहेका छन् ।

अत्याधिक बढेको चिसोको मार सवैभन्दा बढी मधेश प्रदेशमा देखिएको छ । मधेश प्रदेश प्रधान कार्यालयका अनुसार, गएको मंसिर यता मात्रै आठ जिल्लामा चिसोकै कारणले १४ जनाको मृत्यु भएको छ । चिसोबाट कठङ्ग्रिएर सर्लाहीमा ६ जना, धनुषामा एक, सप्तरीमा एक र रौटहटमा एक जनाको मृत्यु भएको छ । चिसोबाट बच्न आगो ताप्ने क्रममा जलेर थप ५ जनाको मृत्यु भएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ । मधेश प्रदेश बाहेक तराई मधेशका अन्य जिल्लाहरूमा पनि नागरिक पीडा बढ्दो छ । चिसोबाट विशेषगरी गरीब तथा बिपन्न परिवार बढी प्रताडित छन् । मुलुकको जनसंख्यामा २० प्रतिशत अर्थात् ५० लाख मानिस निरपेक्ष गरीबीको रेखामुनि रहेकाले नागरिकको जीवन रक्षाका निम्ति चिसो मुख्य समस्या बन्ने गरेको तथ्य नौलो होइन ।

तर अहिले पनि चिसोबाट बच्न तराई मधेशका गरीब परिवारले आगो ताप्नु बाहेक अर्को विकल्प पाउन सकेको छैन । संघसहित प्रदेश र स्थानीय सरकारले उनीहरूको पीडामा न्यानो दिन सकिरहेको देखिदैन । अहिले प्रदेश र स्थानीय सरकार दाउरा बाँड्ने कार्यक्रममै सीमित छ । संघ सरकारसँग त प्रष्ट कार्यक्रम समेत छैन । जबकी दाउरा पाउनु आफैमा गरीब तथा बिपन्न परिवारका निम्ति जीवनरक्षाको उपाय होइन । आगो तापेर बस्दा उनीहरू भोकै पर्ने तथ्य लुकेको छैन । किनकि कयौं परिवारसँग सञ्जित खाद्यन्न वा आर्थिक स्रोत छैन । दिनभर काम गरेर साँझबिहान टार्ने परिवारले आगो तापेर बस्न सक्दैनन् । तसर्थ सरकारले नागरिकको जीवनरक्षाबारे सोच्दा अन्य तथ्यतर्फ समेत तत्काल ध्यान दिन जरूरी छ । दीर्घकालमा भने गरीबीको संख्या घटाउने र रोजगारको व्यवस्था गर्ने उपाय नै हो । तर अहिले एकपछि अर्को सरकार पाल्नुपर्ने दायित्व खेपिरहेका नागरिकहरूले सत्ता भेट्न नसेकेको तथ्य चिसोबाट ज्यान गुमाइरहेको सूचनाले पुष्टि गरिररहेको छ ।

# बहसमा सफा नेपाल

*ग्लोबल सफा इन्डेक्सअनुसार विश्वमा स्विट्जरल्याण्ड सफा देशको अग्रस्थानमा छ भने नेपाल 'टप १००' देशभित्रको सूचीमा पनि छैन । जबकि कुनैबेला विश्वकै बढी फोहर भएका देशको सूचीमा रहेर चिनिएका कतिपय देशहरूले एक दशककै प्रयासमा आफ्नो देशलाई सफा देशको सूचीमा राख्न सफल भएका छन् । सफा सूचीको ४२ औँ स्थानमा रहेको कोलम्बिया र ७० औँ स्थानमा रहेका श्रीलङ्काबाट नेपालले धेरै कुरा सिक्न सक्छ ।*

**अग्रलेख**



● खेम शर्मा

तपाईं बिहान स्वस्थ श्वास फेर्दै आफ्नो विस्ताराबाट उठ्नु हुनेछ र आफैँ विस्तारा मिलाएर सफा घरबाट 'मर्निङ वाक'का लागि निस्कनुहुनेछ । बाहिर निस्केपछि तपाईं सफा भइसकेको बाटो र टोलका सफाइ मजदुरलाई धन्यवाद दिँदै अगाडि बढ्नुहुनेछ । 'मर्निङ वाक'बाट फर्केपछि सफा बाथरुममा नुहाई आफ्नो काम गर्ने स्थानमा पुग्दा घर जत्तिकै सफा पाउनुहुनेछ र सफा विचारले आफ्नो सुन्दर जिम्मेवारी पूरा गर्नुहुनेछ । हरेक साँझ आरामको निद्रा पाउनुहुनेछ, तपाईं आफैँले बिहान ठिक हालतमा राखेको विस्तारामा । तपाईं हरेक राति सफा र सकारात्मक विचार लिएर सुत्नुहुनेछ र मिठो निद्रा निदाउनुहुनेछ । अनि बिहानको दैनिकी पनि माथि जस्तै सुरु हुनेछ ।

नेपालका हिमाल, पहाड र तराईंका हरेक बस्तीमा सफा र 'अर्ग्यानिक' भोजनालय हुनेछन् । त्यहाँ सफा र मिठो खाना खान पाइनेछ । सेफहरुले पाहुनालाई सफा भान्सा देखाउनेछन् (विदेशतिर हिजो आज 'ओपन किचेन' भन्ने गरिएको) र मिठो खाना पस्कनेछन् । सफा ठाउँमा बसेर मिठो खाना खाने पाहुनाको मिठो सपना पनि पूरा हुनेछ । यही हो हाम्रो स्वच्छ नेपाल, जहाँ विद्यालयका छात्रछात्रा, कार्यालयका महिला कर्मचारी र आफ्नो काममा हिँडेका बटुवा महिला सफा शौचालयमा शौच गर्न पाउने भएकाले घरबाट पर्याप्त पानी पिएर यात्रामा निस्कनेछन् । गुडिरहेको गाडीबाट कुनै यात्रुले फोहर जथाभावी फाल्ने छैनन् । सार्वजनिक स्थानमा अनिवार्य फोहर संकलन गर्ने टोकरी (बिन) हुनेछन् र ती नियमित तालिकाअनुसार खाली र सफा गरिएको हुनेछ । संकलित फोहर खेर फालिने छैन । सबै घर, कार्यालय, विद्यालय, स्वास्थ्यचौकी, कलकारखानाको फोहर बस्तीभन्दा अलि टाढा कुहिने र नकुहिने गरी अलग-अलग टोकरीमा छुट्याएर राखिने छ । कुहिने फोहरले मल र ऊर्जा उत्पादन गरी गाउँघर मलिलो र उज्यालो बनाइनेछ भने नकुहिने वस्तुको उचित सदुपयोग गरी पुनः प्रयोग गर्न मिल्ने बनाइनेछ ।

देश जोड्ने लामा, छोटा राजमार्गका समुचित दुरीमा सफा शौचालयहरु हुनेछन् । एउटा गाउँ सहरको फोहर अर्को गाउँ सहर बोकेर लैजानुपर्ने छैन । भवन, नदी, खोलानाला, करिडोर सबै सफा, सुन्दर र प्राकृतिक बासनादार हुनेछन् । श्रदालुहरुका लागि मठ, मन्दिर, चैत्य गुम्बा, चर्च सबै उनीहरुका मन जस्तै सफा सफा हुनेछन् । अनि हामी भन्नेछौँ- यही हो हाम्रो स्वच्छ र सफा नेपाल ! हरेक धाराको पानी हिमालको जस्तै निस्फिक्री पिउन मिल्नेगरी सफा हुनेछ । हरेक हिमाल उक्लँदा र ओर्लंदा हामीले मानव निर्मित फोहरका भारी निर्दोश हिमाललाई बोकाउने छैनौँ । हाम्रो देशमा जन्म लिने हरेक शिशुले सफा र स्वस्थ सासको झोक्का लिनेछन् । सफा हुनेछ हाम्रो धर्ती । हाम्रो माटो र मातृभूमि । सरसफाइका लागि हामीसँग व्यवहारिक कानुन र नियम हुनेछन् र ती नियमहरु हामी कसैलाई दण्डित गर्न लागू हुने छैनन् । किनभने विना दण्ड जरिवाना नै सफा नियम, सफा नियतमा बद्लिनेछन् र हाम्रो समाज सदा सफा रहनेछ । त्यसैले सम्भव हुनेछ, सफा समाज अनि सफा नेपाल ।

माथि व्यक्त विचार कल्पना र भावनाका उपज होइनन् । नत यी कुनै साहित्यिक रचना नै हुन् । यी पूर्णरुपले सम्भव विचार मात्र हुन् । किनभने हामीले 'सफा नेपाल सम्भव छ' भनेर सोच्नुको कारण पनि यही हो कि यो निसन्देह सम्भव छ । यो आधुनिक यान्त्रिक विज्ञानको जटिल अनुसन्धान नभएर हाम्रो नियमित जीवन शैलीलाई नियमन गरेर हाम्रो स्वस्थ्य मन र हृदयले खोजेको र गर्नसक्ने काम हो, सुन्दरता कल्पना मात्रै होइन ।

एउटा बहस गरौँ- नेपालको गाउँदेखि सहरसम्म व्याप्त फोहरमैलासहितका समस्यासँगै समाधानका सम्भावना खोज्ने के हुन सक्छन् ? यसका सम्भव र सकारात्मक उपायहरु किन अवलम्बन नगर्ने ? यो बहसले एकल प्रयासभन्दा माथि उठ्दै सामूहिकरुपमा अठोट गर्ने अवस्था सिर्जना गर्नेछ । यदि यसो भयो भने विश्वका उत्कृष्ट सफा सहर र देशमा नेपाललाई समाहित गर्न किन धेरै समय पनि लाग्नेछैन । फोहर व्यवस्थापन र फोहर पानी शुद्धीकरणसँगै पर्यावरणीय कामहरूका आधारमा सफा देशको सूचीकरण हुने गर्छ । सन् २०२३ लाग्ने बित्तिकैको ग्लोबल सफा इन्डेक्सअनुसार विश्वमा स्विट्जरल्याण्ड सफा देशको अग्रस्थानमा छ भने नेपाल 'टप १००' देशभित्रको सूचीमा पनि छैन । जबकि कुनैबेला विश्वकै बढी फोहर भएका देशको सूचीमा रहेर चिनिएका कतिपय देशहरूले एक दशककै प्रयासमा आफ्नो देशलाई सफा देशको सूचीमा राख्न सफल भएका छन् । सफा सूचीको ४२औँ स्थानमा रहेको कोलम्बिया र



७०औँ स्थानमा रहेका श्रीलङ्काबाट नेपालले धेरै कुरा सिक्न सक्छ ।

सफा नेपाल सम्भव बनाउनका लागि हामी नेपालीमा रहेको बेवास्ता, लापर्वाही तथा समस्याकैबीचमा सम्झौता गरेर बाँच्ने स्वभाव भने परिवर्तन गर्नैपर्छ । यो परिवर्तन सरकारमा बस्नेदेखि प्रतिपक्ष र तटस्थ बस्नेसम्म सबैमा समान ढंगले आउनु आवश्यक छन् । नेपाल प्रकृतिले दिएका अनुपम सम्पदाहरुले भरिपूर्ण देश हो । विश्वका मानिस नेपाललाई प्रकृतिको स्वर्ग भन्छन् । हामीसँग विश्वमा अरु कसैसँग नरहेको हावा, पानी र वनौषधिहरु छन् । हाम्रा हिमालमा स्वस्थ, सफा र स्वच्छ हावापानी छ । अधिकांश नदीहरु हिमालबाटै उत्पत्ति भएर बगेका छन् । पर्यावरणका यति धनी हामी सरसफाइका मापदण्डमा विश्वसामु सफा परिचयको पर्याय बन्न भने सकेका छैनौँ । संसारकै सफा देशको सूचकाङ्कको सर्वाधिक अग्रस्थानमा उभिन नसक्नु पक्कै पनि खुसीको कुरा होइन ।

### सम्भव छ समाधान

नेपाल प्राकृतिकरूपमा सफा र उज्यालो छ तर, यहाँका धेरैजसो मानवबस्ती भने फोहर र दुर्गन्धित छन् । हामीले स्वीकार गर्नैपर्ने तीतो सत्य हो यो । नेपाललाई अझै पनि सुनको चराको उपमाले चिनाउँदा कुनै गल्ती हुँदैन । यहाँका प्राकृतिक वैभव र धर्म संस्कृतिभित्रका रैथाने भाषा, साहित्य एवं पहिचान, अतिथि सत्कार आफैँमा दुर्लभ सौन्दर्य हुन् । तर, खानपानदेखि बसाइ व्यवस्थापनसम्मका क्षेत्रमा हामीले सिक्न नपर्ने कुरा विदेशी राष्ट्रहरूको सिको गर्नाले र सिक्नपर्ने कुरा नसिक्नाले हामीले अव्यवस्था र फोहर मात्र निम्त्याएनौँ उल्टै आफ्नोपनबाट नै हामी विमुख हुँदैछौँ ।

हाम्रो देशमा अझै पनि नीति निर्माणको तहमा हेर्ने हो भने सरसफाइलाई पहिलो प्राथमिकतामा राखेर नीति बन्दैनन् । नत यो प्राथमिकताबाट योजना र कार्यक्रमहरु नै बन्छन् । हाम्रो देशको राजधानी, अन्य सहर वा गाउँ होस् वा गल्ली वा इलाका होस्, जहाँ पनि फोहर जथाभावी फालेको पाइन्छ । हाम्रो देशलाई विकासको सूचकाङ्कमा माथि उठाउन नदिने धेरै तत्व र वस्तुहरुमध्ये फोहरको अव्यवस्था पनि एक हो भन्दा फरक पर्दैन । किनभने फोहरकै कारण हामीकहाँ आएका विश्वका महँगा र महत्वपूर्ण पाहुनाहरु दोहोऱ्याएर आउन नरुचाएको पनि हुनसक्छ । के यसतर्फ हामीले सोचेका छौँ ? के यस्ता विषयमा अनुसन्धान गर्न हामीले फुर्सद र स्रोत निकाल्न सकेका छौँ ? अहँ, छैनौँ ।

दुःखका साथ भन्नुपर्छ, यहाँ धेरैले धेरै कुरा गरे पनि देशलाई पूर्णतयाः स्वच्छ बनाउन सफा सपना भएको व्यक्ति अझै भेटिएको छैन । पाँच वर्ष लगातार टिक्न नसकेका हाम्रा दर्जनौँ सरकारले सरसफाइका क्षेत्रमा सामान्य कुरा मात्रै गरेका छन् तर, एउटा ठोस काम भने गरेका छैनन् । यसो भन्नु भनेको आरोप नभएर खबरदारी मात्र हो । विगतमा यी विषयमा राष्ट्रियस्तरका योजना नबनेका होइनन् र अभियान नचलेका पनि होइनन । तर, यसले निरन्तरता पाएको देखिएन । सहर र बस्तीका हरेक स्थानमा फोहर संकलन गर्ने टोकरी (बिन) राख्ने कुरा गरियो र राखियो पनि । तर, त्यो बिनभित्रको फोहर त्यहाँबाट भोलिपल्टै अर्थात् दैनिक हटाउनेबारेमा भने सोचेको देखिएन ।

आज पनि हाम्रो देशका गाउँमा थोरै घरमा मात्रै शौचालयको सुविधा छ । आज पनि मानिस गाउँघरमा दिसा गर्न खुला स्थलमा बाहिर निस्किने चलन कतैकतै देखिएकै छ । प्लास्टिकका झोला र बोटलहरु गाउँघर, खेतीपातीसम्मै पुगेका छन् । सहरको कुरा गर्ने हो भने पर्याप्त सार्वजनिक शौचालय नै छैनन् । शौचालय भए पनि सफा छैनन्, उल्टै रोग भित्र्याउने किराहरु बग्रेल्ती देखिन्छन् । कलकारखानाबाट निस्कने फोहर, ढल, घरेलु फोहर धेरै छ तर, यसको लेखाजोखा नै छैन । यस्तो फोहर सडकमा यति धेरैमात्रामा अव्यवस्थित छ कि कतैकतै त हाम्रो देशको सडक नै देखिँदैन, फोहर मात्रै देखिन्छ । त्योभन्दा दुःखको कुरा त यो फोहर हाम्रा पवित्र नदीमा पनि बग्छ । सरकारको अनुहार देखिने सरकारी निकाय वा मन्त्रालय गयौँ भने शौचालय सोध्न पर्दैन, गन्धबाटै भेउ पाउन सकिन्छ । शौचालय दायाँ कुनामा छ कि बायाँ नाक थाप्दै जाँदा आफैँ भेटिन्छ ।

नेपालमा अर्बौं लगाएर निर्माण भएका भवन उद्घाटन गर्दा थुप्रिएको फोहर अर्को दिनसम्म सफा नभएका उदाहरण पनि धेरै छन् । सत्तामा कसरी पुग्ने भन्ने खेलका समाचारहरु दिनदिनै पढ्न पाइन्छ तर, देशको स्वास्थ्य र सभ्यतासँग जोडिएको सरसफाइका बारेमा नेताका एजेन्डा जनताले सुन्न पाएका छैनन् । कतै घोषणापत्रमा सुनेका भए पनि व्यवहारमा देख्न पाएका छैनन् । यस्तो लाग्छ कि नेपालमा सरसफाइ भनेको केही सफाइकर्मीको रोजगारीसँग र केही अभियन्ताको अभियानसँगमात्रै जोडिएको सामान्य विषय मात्र हो ।

देश सफा गर्ने जिम्मा सफाइकर्मीको मात्र हुँदै होइन । सरकारको नीति र आम नागरिकको भूमिका प्रमुख विषय हुन् । यसका लागि हामीले हाम्रो सोच नै परिवर्तन गर्नुपर्छ । सोच परिवर्तन गर्न सही नीतिका साथ एउटा स्पष्ट योजना र पुग्नुपर्ने लक्ष्य निर्धारित हुन आवश्यक छ । नीति निर्माण गर्दा निर्धारण गरिएका मापदण्डअनुसारको परिणाम देखिनुपर्छ । यी नीतिको अभ्यास नै हुन सकेन, कार्यान्वयनको त झन् के कुरा गर्नु ।

### सरसफाइ प्राधिकरण

सरकार र नागरिकस्तरमा सरसफाइ अभियानहरु उद्देश्य प्राप्त नभएसम्म निरन्तर चलिरहनुपर्छ । त्यसका लागि सरसफाइ मात्रै हेर्ने अधिकार सम्पन्न प्राधिकरण बनाउन आवश्यक छ । उक्त प्राधिकरणले नेपालको सरसफाइको आजसम्मको अवस्थाको मूल्याङ्कन गरेर भविष्यमा नेपालले गर्नुपर्ने स्पष्ट मार्ग चित्र बनाएर लागू गर्नसक्छ । 'सफा नेपाल सम्भव' बनाउन यस विषयका विज्ञ, अभियन्ता र जिम्मेवार सरकारी निकायको सहभागिता रहने उक्त प्राधिकरण बन्नु नै अहिलेको महत्वपूर्ण आवश्यकता हो । यो बनाउन ढिला गर्नु पनि हुँदैन ।

द्वन्द्वपछिको समाजमा एकता, शान्ति र स्थिरता कायम गर्न सत्यनिरुपण तथा मेलमिलाप आयोग बने जस्तै सरसफाइको हिसाबले प्राचीनताबाट आधुनिकतातर्फ गइरहेको नेपाली समाजको सफा मानचित्र निर्माण गर्ने एकमात्र उपाय सरसफाइ प्राधिकरण हो । उक्त प्राधिकरणले माथि देखिएको 'सफा नेपालको सुन्दर सपना' पूरा गर्न कम्तीमा निम्न चार काम गर्नेछ । स्पस्ट सरसफाइ नीति निर्माण, कार्यान्वयनको ठोस विधि र मूर्त संयन्त्र निर्माण, तत्काल कार्यान्वयन र प्रत्यक्ष तथा परिणाममुखी अनुगमन । यी चार कामकाबारेमा विस्तृत् व्याख्या गर्न हामीले समयमात्र लगानी गर्नुभन्दा पनि योजना निर्माणमा लाग्दा सफा नेपाल सम्भव हुनेछ । यी र यस्तै अन्य एजेण्डाहरुमा बहस त हामी गर्ने नै छौँ । तर सफा जमिनमै उभिएर सफा श्वास फेर्दै बहस गर्न पाए कति जाति हुन्थ्यो होला ?

## सामाजिक सञ्जाल



**- भानुप्रसाद आचार्य**

केही सार्वजनिक प्रश्न उठेको छ । अदालतको आदेश कार्यान्वयनमा गृहबाट विज्ञप्ती निकाल्नुभन्दा सत्यकुरा ल्याय लोकप्रियता बढ्थ्यो ! आदेश नमान्नेबाट जनमानसले शान्ती सुरक्षाको भर कसरी गर्ने ? प्रहरीले सत्यतथ्य सार्वजनिक गर्नसक्छ ? सार्वजनिक पदाधिकारीको दोहोरो चरित्र जनताले कति खेप्ने ?



**- सेतेमान तामाङ**

राजनीति सिद्धान्त/विचारको बहस गरी भावी कार्ययोजनाको मार्गसहित संकल्पको आवाज उठाउने थलो हो भने सत्ता व्यवस्थालाई संस्थागत गरी जनताको समस्या समाधान, सुशासन कायम, नीतिविधि निर्माण, कार्यान्वयनको केन्द्र हो । राजनीति विचारधाराको अवधारणा हो भने सत्ता प्रतिनिधिहरूको संख्याले निर्धारण गरिन्छ ।



**- बाबुलाल भण्डारी**

बेलायती प्रहरीले शुक्रबार प्रधानमन्त्री ऋषि सुनकलाई गुडिरहेको कारमा सिटबेल्ट नबाँधेकोमा जरिमाना गऱ्यो र प्रम कार्यालयले उनले यो गल्तीलाई पूर्ण स्वीकार गरी आउने दिनमा नियमको पूर्ण पालना गर्ने प्रतिबद्धतासहित माफी मागेको जनाएको छ । हाम्रोमा भए ती ट्राफिक प्रहरीको जागिर चैट !



**- सूर्यराज आचार्य**

राजनीतिको आधारभूत रणनीतिक कौशलको कमीले गर्दा कांग्रेसले सत्ता गुमायो । सत्ता गुमेको पछुतोमा कांग्रेसले अपनाएको रापको दाबिलगायत 'प्रतिक्रियात्मक' चालबाजिले कांग्रेसको राजनीतिक साख गिरेको छ, र यो क्रम चालु रह्यो भने अझै गिर्ने जोखिम छ । देशले सत्ता बाहिरको बलियो कांग्रेस खोजेको छ ।



**- पुरूषोत्तम ढुंगेल**

जबसम्म सरकारको मातहतमा रहेको अस्पताल, पशुपति क्षेत्र, सरकारी बैंकहरूमा सम्बन्धीत क्षेत्रका प्रमूखहरूलाई शौचालयमा लगेर १० मिनेट बस्न भर्निदैन, विश्वास गर्नुस् सार्वजनिक शौचालय सफा र सुग्घर कहिल्यै पनि हुँदैन । किनभने उक्त अफिसमा हाकिम भनाउँदाहरूको लागि छुट्टै शौचालयको व्यवस्था गरिएको छ ।

# काठमाडौंमा जमिन भासिने चिन्ता

**टिप्पणी**



● खिमराज गिरी

*काठमाडौं उपत्यकाको लागि सरकार र सम्बन्धित निकायले खेर गैरहेको मेलम्ची पानीको छिट्टै वितरण प्रकृयातिर ध्यान दिन सक्यो भने जमिनमुनीको पानीको दोहन प्रकृया रोकिने थियो । जसले गर्दा, काठमाडौंको जमिन भासिँने सम्भावना पनि कम हुने थियो । यदि यसतर्फ सम्बन्धित निकायको ध्यान समयमै जान सकेन भने यस्तो प्रवृत्तिले निकट भविश्यमा काठमाडौं संकटमा पर्ने सम्भावनालाई नकार्न सकिन्न ।*

गत पुस महिनाको अन्तिम शनिबार एक राष्ट्रिय दैनिकमा जर्मनीको बोन युनिभर्सिटीमा प्राध्यापन गर्ने लुना भारतीद्वारा लिखित "काठमाडौं भासिँन सक्छ" लेख पढी केही लेख्न मन लाग्यो । यही माघ १ गते यति एयरको जहाज पोखरामा दुर्घटना हुँदा करिब ७२ जनाको ज्यान गएको दुःखद घटनाले विगतका विभिन्न समयमा हुने प्लेन, गाडीहरु दुर्घटना तथा दैवी प्रकोपहरुले नेपाललाई सताइराखेको सन्दर्भमा उक्त लेखले पनि नेपालमा दैनिकजसो परिवर्तन भइरहने जलवायु परिवर्तनको कारणले मौसमी प्रतिकूलताको छनक देखाएको छ । उक्त लेखमा भनिएअनुसार विकसित देशमा अनेक माध्यमद्वारा पानीको जगेर्ना गरिन्छ र सुख्खा समयमा यसको सदुपयोग हुन्छ तर, नेपाल प्रचुर मात्रामा जलक्षेत्रको धनी राष्ट्र भए पनि यसको सही सदुपयोग गर्न नजान्दा कयौं नदीनाला, खोला छेउका खेतवारी बाँझै छन् । कयौं घरबस्तीहरुमा अझै खानेपानी उपलब्ध गराउन सकिएको छैन ।

कुनै निश्चित समुदायलाई वनजंगल संरक्षण र उपभोग गर्ने जिम्मा दिइएको कारणले पहाडी तथा तराई इलाकामा वन संरक्षण भएको भनिएता पनि बन गोडमेल गर्ने बहानामा टाठा बाठा व्यक्तिहरुले फाइदा लिन छोडेका छैनन् । भारतीय सीमा नजिकका नेपालीहरुको सास्ती झन बिकराल छ । सरकार चलाउने नेताहरु खाली शक्ति, भक्ति, सत्ता, भत्ता र पदको लागि विदेशीको आँगन चाहार्छन् तर, दीर्घकालीन विकासका आयोजना तथा प्राकृत्तिक विपत्तीतर्फ ध्यानै दिन सक्दैनन् । यस्तै खेर गइरहेको पानीको बहावलाई खाली अनुकूल परिस्थितिमा सिंचाई, बिजुली उत्पादनमा ध्यान दिइएता पनि अझ सहर बजार खास गरी काठमाडौं उपत्यकाको ठूलो भिडले विभिन्न किसिमका बोरिङ्ग प्रयोग गरी जमिनमुनीको पानी व्यापकरुपमा दोहन गर्ने कार्य भइरहेको छ । प्रायः घर कंकृटबाट बनाइएको छ । वर्षादको पानी जमिनले नसोसिने भएकोले बाढीपहिरोको सम्भावना झन् व्यापक हुने र जमिनमुनीको पानी बोरिङ्ग प्रयोग गरी सिध्याउने प्रवृत्तिको विकास भएकोले समयमा नै सावधानी अपनाइएन भने काठमाडौंको जमिन भविष्यमा भासिँन सक्छ भन्ने तर्क सहमत हुन सक्ने खालको छ ।

यहाँ, हामीले इरानको राजधानी तेहरानको उदारणलाई पनि लिन सक्छौं । जहाँ जमिनमुनिबाट अनियन्त्रितरूपले पानी तान्दा र भूमिगत पानी 'रिचार्ज' हुन नपाउँदा त्यहाँ जमिन भासिँदै गएको छ । जसको कारण त्यहाँ भौतिक संरचना बन्ने विषयमा नै समस्या सिर्जना भएका छन् । तेहरान एउटा उदाहरण हो, तर विश्वका अधिकांश ठूला सहरमा त्यस्ता समस्या देखिन्छ, जहाँ जनसंख्या बढी छ । हामीले इण्डोनेसियाको जर्कताको उदाहरणलाई पनि लिन सक्छौं, जहाँ वैज्ञानिकहरुले केही वर्षमै सहर पानीमुनी पुग्ने निष्कर्ष निकालेका छन् । अहिलेकै तहमा त्यहाँको जमिन भाँसिदै गएमा २०२५ सम्म नै ३५ प्रतिशत भूभाग पानीमा डुब्ने निष्कर्ष अनुसन्धानकर्ताको छ ।

वैज्ञानिकहरु भूमिगत पानीको स्रोत रित्तिन नदिन जति तानेको हो, त्यही बराबर 'रिचार्ज' (पुनर्भरण) गर्नुपर्ने बताउँछन् । तर, तीव्र सहरीकरण र जनघनत्व भएको ठाउँमा उक्त विषय सहज छैन । तर, सहज छैन भने छोड्नु पनि सही होइन । काठमाडौंको हकमा पनि अवस्था त्यस्तै छ । यदि हामीले जमिनमुनीको पानी मात्रै तान्ने हो भने क्रमशः काठमाडौं भासिँदै जाने क्रम सुरु हुनेछ । यसको विकल्प खोज्न ढिलाई गर्नुहुँदैन ।

काठमाडौं उपत्यकाको लागि सरकार र सम्बन्धित निकायले खेर गैरहेको मेलम्ची पानीको छिट्टै वितरण प्रकृयातिर ध्यान दिन सक्यो भने जमिनमुनीको पानीको दोहन प्रकृया रोकिने थियो । जसले गर्दा, काठमाडौंको जमिन भासिँने सम्भावना कम हुने थियो । यदि यसतर्फ सम्बन्धित निकायको ध्यान समयमै जान सकेन भने यस्तो प्रवृत्तिले निकट भविश्यमा काठमाडौं संकटमा पर्ने सम्भावनालाई नकार्न सकिन्न ।

## तपाईको राशिफल

- **मेष** : मनोरन्जनात्मक यात्रा हुने समय छ । दैनिक आम्दानी राम्रो हुनेछ ।
- **वृष** : सामाजिक कार्यमा वृद्धि हुन्छ । नयाँ कार्य बन्ने योग छ ।
- **मिथुन** : बाहिरी सहयोगमा कमी रहन्छ । विरोधी कमजोर हुनेछन् ।
- **कर्कट** : नयाँ कार्यहरुमा विशेष सावधानी राख्नुपर्छ । शत्रु कमजोर हुनेछ ।
- **सिंह** : दिदी बहिनीहरुको सहयोग, पराक्रममा वृद्धिको योग छ ।
- **कन्या** : दैनिक सबै कार्यमा सफलता प्राप्त हुन्छ । धार्मिक कार्यमा रुची बढ्नेछ ।
- **तुला** : पुराना रुकावटहरु समाप्त हुनेछ । स्वास्थ्य राम्रो रहनेछ ।
- **वृश्चिक** : कृषिजन्य कार्यमा लाभ प्राप्त हुन्छ । पारिवारिक जीवन सुखी रहन्छ ।
- **धनु** : मित्रहरुसँग भेटघाट हुनेछ । मनोबल उच्च रहन्छ ।
- **मकर** : सामाजिक कार्यमा वृद्धि हुनेछ । नाता-गोतासँग भेटघाट हुन्छ ।
- **कुम्भ** : विरोधी सक्रिय रहन्छन् तर, असफल हुन्छन् । यात्रा सफल हुनेछ ।
- **मीन** : प्रभाव र सम्मानमा वृद्धि हुन्छ । वाणी संयम् राख्नुहोला ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# ‘ऊर्जा संकटलाई नवीकरणीय ऊर्जा विकास गर्ने अवसरको रुपमा लिन सकिन्छ’

**काठमाडौं/एजेन्सी–** विश्व आर्थिक मञ्चको सन् २०२३ को वार्षिक बैठकका सहभागीहरुले उर्जा संकटलाई स्वच्छ ऊर्जातर्फ विश्वको संक्रमणलाई गति दिने अवसरका रुपमा हेर्नुपर्ने बताएका छन् ।

उक्त भेलाका सहभागी तथा कोलम्बिया युनिभर्सिटीको युरोपियन इन्स्टिच्युटका निर्देशक एडम टुजले स्वच्छ र हरित ऊर्जा क्षेत्रको संक्रमणले देश र क्षेत्रबीच सहकार्यका लागि थप अवसर सिर्जना गर्ने विश्वास व्यक्त गरेका छन् । यसलाई उनले विश्वव्यापी सम्बन्धमा ‘ नयाँ स्वरुप’ बताएका छन् ।

‘ऊर्जा संक्रमणको प्रभाव अन्तरनिर्भरताको नयाँ समूह सिर्जना गर्न आवश्यक छ, तिनीहरु साहसी हुनेछन्, निश्चितरुपमा युरोपेली समूह र उत्तर अमेरिकी समूहको सीमाभन्दा बाहिर पुग्नेछन्,’ उनले यस हप्ताको शुरुमा ‘डी-ग्लोबलाइजेसन वा रि-ग्लोबलाइजेसन’ शीर्षक रहेको सत्रमा बताए ।




वार्षिक बैठकको केही दिनअघि जारी गरिएको ‘ऊर्जा संक्रमणको सुरक्षा’ शीर्षकको एक रिपोर्टमा मञ्चले भनेको छ, ‘यो ऊर्जा संकटले उन्नत प्रविधिहरु र बदलिँदो इन्धन संकटको परिदृश्यमा देशहरुलाई ऊर्जा सुरक्षाको लागि दृष्टिकोणलाई पुनः व्याख्या र सुधार गर्ने अवसर पनि प्रदान गर्दछ ।’

विद्युतीकरण र ऊर्जा दक्षताको मागलाई कम गर्न, कार्बनको समस्या कम गर्न, ऊर्जा आपूर्ति र पूर्वाधारमा लगानीकर्ताहरुलाई भरपर्दो संकेतहरु प्रदान गर्न, दक्षता अधिकतम गर्न र ऊर्जा संकट न्यूनीकरणको लागत कम गर्न क्षेत्रीय सहयोगीसँग समन्वय गर्न ऊर्जा संक्रमण चुनौतीका साथै नयाँ अवसर पनि हो ।

‘आजको ऊर्जा सन्दर्भलाई आधार बनाउने चुनौतीहरु यति जटिल र अन्तरसम्बन्धित छन् कि तिनीहरु केवल संरचनात्मक समाधानको साथ समाधान गर्न सकिन्छ । अल्पकालीन सुधारमा भर पर्दा दीगो, स्वच्छ र किफायती ऊर्जा प्रणालीमा संक्रमणमा बाधा पुग्ने छ,’ प्रतिवेदनमा भनिएको छ ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका कार्यकारी निर्देशक फातिह बिरोलले विश्वले यति गहिरो र जटिल ऊर्जा संकट कहिल्यै नदेखेको बताए ।

एजेन्सीले अक्टोबरमा प्रकाशित आफ्नो ‘वर्ल्ड इनर्जी आउटलुक-२०२२’ मा भनेको छ, ‘विश्वभर बिजुलीको पहुँच नभएका मानिसहरुको संख्या बढ्न थालेको अवस्थामा हालसालै बिजुलीको पहुँच प्राप्त गरेका करिब सात करोड ५० लाख मानिसले यसको लागि भुक्तानी गर्ने क्षमता गुमाउन सक्ने सम्भावना छ ।’

# हिमपहिरोमा परी तिब्बतमा २८ जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** चीनको दक्षिणपश्चिम तिब्बत स्वायत्त क्षेत्रको निङ्ची शहरमा गएको हिमपहिरोमा परी २८ जनाको मृत्यु भएको छ । खोज तथा उद्धार कार्य शुक्रबार साँझ सम्पन्न भएको थियो । उक्त हिमपहिरो मंगलबार साँझ गएको थियो ।



हिमपहिरोपछि काउन्टीलाई न्इङ्चीको प्याड टाउनशिपसँग जोड्ने सुरुङबाट बाहिर निस्कने राजमार्ग अवरुद्ध भएको थियो भने यात्रु तथा सवारी साधनहरु बाटोमै फसेका थिए । यस क्षेत्रका सडक कच्ची रहेको तथा भू-धरातल समेत उबडखाबड रहेकाले उद्धारमा कठिनाइ भएको बताइएको थियो ।

# सिट बेल्ट नलगाएपछि बेलायती प्रधानमन्त्री सुनकलाई जरिवाना

**काठमाडौं/एजेन्सी–** बेलायती प्रहरीले शुक्रबार प्रधानमन्त्री ऋषि सुनकलाई गुडिरहेको कारमा सिट बेल्ट नलगाएकोमा जरिवाना गरेको छ । ट्राफिक नियमको उल्लंघन गरेको भन्दै प्रधानमन्त्री सुनकको नाम नलिई लंकाशायर प्रहरीले लण्डनका ४२ वर्षीय पुरुषलाई जरिवाना गरेको बताएको छ ।



‘लंकशायरमा गुडिरहेको कारमा सिट बेल्ट नलगाएका लण्डनका ४२ वर्षीय व्यक्तिलाई जरिवाना गरेका छौं,’ लंकाशायर प्रहरीले ट्वीट गरेको छ । उक्त जरिवाना सूचना अनुसार कारबाहीमा परेका व्यक्तिले २८ दिनभित्र सम्बन्धित निकायमा तिरिसक्नुपर्नेछ ।

प्रधामन्त्री सुनकलाई ५० पाउण्ड (६२ अमेरिकी डलर) जरिवाना गरिएको बताइएको छ । सामान्यतया सिट बेल्ट नलगाएका यात्रुलाई एक सय पाउण्डसम्म जरिवाना गर्न सकिने कानून छ । यदि सो सम्बन्धित मुद्दा अदालतसम्म पुगेमा त्यो जरिवाना बढेर पाँच सय पाउण्डसम्म पुग्न सक्छ ।

जरिवानाको घोषणालगत्तै प्रधानमन्त्रीको कार्यालयले विज्ञप्ति जारी गर्दै भनेको छ, ‘प्रधानमन्त्रीले यो गल्तीलाई पूर्णरुपमा स्वीकार गरेको र माफीसमेत माग्नु भएको छ र आगामी दिनमा नियम पूर्णरुपमा पालना गर्नुहुनेछ ।’

# पछिल्लो चार वर्षमा पाकिस्तानमा ४२ पत्रकार मारिए

**काठमाडौं/एजेन्सी–** पछिल्लो चार वर्षमा पाकिस्तानमा ४२ पत्रकार मारिएका छन् । पाकिस्तानका संसदीय मामिला मन्त्री मुर्तजा जावेद अब्बासीले सिनेटलाई जानकारी दिए । सूचना मन्त्रालयको तथ्यांकअनुसार ती पत्रकारहरुमा १५ जना पत्रकार पञ्जाबका, ११ जना सिन्ध, १३ जना खैबर पख्तुनख्वा र तीन जना बलुचिस्तानका थिए ।

पत्रकारहरुलाई या त आतंककारीहरुले गोली हानेर मारे या अन्य कतैबाट मारिए यकिन भने छैन । तथ्यांकअनुसार यस्ता घटनामा पञ्जाबमा सात संदिग्ध पक्राउ परेका थिए । जसमध्ये दुई हाल जमानतमा छन् । पक्राउ परेका अन्य सातमध्ये पाँच जनाविरुद्ध मुद्दा चलिरहेको छ भने आठ जना फरार छन् । एक जना अभियुक्तलाई भने अदालतले रिहा गरेको छ ।




सिन्धमा चार संदिग्ध पक्राउ परेका छन् भने सात जनामाथि मुद्दा चलिरहेको छ । यसैगरी खैबर पख्तुनख्वाका दुई अभियुक्तले सफाइ पाएका छन् भने चार जनामाथि मुद्दा चलिरहेका छन् । बलुचिस्तानमा दुई संदिग्धहरु फरार छन् । एक जना मुद्दाको सामना गर्दै छन् भने अर्का एक संदिग्धलाई सजाय दिइएको छ । केही अनुसन्धानको प्रक्रियमा छन् ।

सिनेटमा बोल्दै जमात-ए-इस्लामी पार्टीका मुश्ताक अहमदले संघीय र प्रान्तीय सरकार पत्रकारहरुको सुरक्षा गर्न असफल भएको बताएका छन् । मन्त्री अब्बासीले अहमदलाई जवाफ दिँदै यो ‘ गम्भीर अवस्था’ हो र सरकारले अपराधीहरुविरुद्ध छिटो कारबाही गर्नुपर्छ र पत्रकारहरुलाई विशेष सुरक्षा प्रदान गर्नुपर्छ भनेका छन् ।

उनले पाकिस्तानको आन्तरिक र सूचना मन्त्रालयलाई यस विषयमा एकीकृत प्रतिवेदन तयार गरी दुई महिनाभित्र सदनमा पेश गर्न निर्देशन दिएका छन् । यसैबीच बलुचिस्तान अवामी पार्टीका सिनेटर दानेश कुमारले दस्तावेजमा देखाइएको तीनको सट्टा प्रान्तमा १० भन्दा बढी पत्रकारको हत्या भएको बताएको डन अखबारले उल्लेख गरेको छ ।

जवाफमा संसदीय मामिलामन्त्रीले सम्बन्धित सबै पक्षसँग छलफल गरेर प्रतिवेदन तयार पारेको र कसैले गलत तथ्यांक दिएको भए यो अत्यन्त संवेदनशील विषय भएकाले जवाफदेही हुनुपर्ने समेत उल्लेख गरेका छन् ।

पछिल्लो समय देशमा लैङ्गिक हिंसाका घटना बढेको र विशेषगरी महिलाहरु उत्पीडन र दुर्व्यवहारको चपेटामा परेका छन् । पाकिस्तानमा कडा पितृसत्तात्मक सामाजिक मान्यताका कारण महिला पत्रकारहरु हिंसा र धम्कीको अझ बढी जोखिममा छन् ।

# ६६ महिला र बालबालिका इस्लामिक समूहबाट मुक्त

**काठमाडौं/एजेन्सी–** बुर्किना फासोको सेनाले देशको उत्तरी साहेल क्षेत्रबाट बाली जम्मा गर्ने बटुल्ने क्रममा इस्लामिक चरमपन्थीहरुले यसै महिनाको शुरुमा अपहरण गरेका ६६ जना महिला र बालबालिकालाई मुक्त गरेको छ । राष्ट्रिय प्रसारक आरटीबीका अनुसार सशस्त्र बलले मध्य-उत्तर क्षेत्रमा सैन्य कारबाहीका क्रममा बन्धकहरुलाई फेला पारेको थियो । उक्त समूहमा चार शिशुसहित ३९ जना बालबालिका रहेका बताइएको छ ।


## अधिकतम खुद्र बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले चिनबाट पैठारी गरेको देहायको मालबस्तुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मूलुक/राष्ट | इकाई | प्रति इकाई मूल्य | अधिकत्तम खुद्रा इकाई मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric Chimney | Chimney | B Two | B2OC | 1101 Suction | China | 1 Pcs | 14000 | 14000 | |
| 2 | Electric Chimney | Chimney | B Two | B2TS | 1201 Suction | China | 1 Pcs | 18000 | 18000 | |
| 3 | Electric Chimney | Chimney | B Two | B2FM | 1301 Suction | China | 1 Pcs | 24000 | 24000 | |

विक्रेता फर्मको नाम : बि टु एप्लाइन्सेस
एक्जीम कोड : ६१४५२८७३८०१५४NP
ठेगाना : कंलकी -१४ काठमाडौं
फोन नं. ९८०१२३८४५६



सुदूरपश्चिम प्रदेश सरकार
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
डिभिजन वन कार्यालय
पहलमानपुर, कैलाली

**बोलपत्र स्वीकृतिको आशयपत्र जारी गरिएको बारे**

प्रकाशित मिति : २०७९/१०/०८

यस कार्यालयको मिति २०७९/०९/०५ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाअनुसार विभिन्न ठेक्कामा पर्न आएका बोलपत्रहरुको बोलपत्र मूल्यांकन समितिबाट विभिन्न पक्षको मूल्याकंन गर्दा निम्न बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृत गर्ने आशयले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नं. | आयोजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कबोल अंक मू.अ. कर बाहेक |
|---|---|---|---|---|
| 1 | FDOPMP/W/ NCB/2079/080-01 | Construction of Sub-Division office Building Phallaebisauni | KOPILA AND KARUNA NIRMAN SEWA, Bauniya, Kailali | 30,24,219.12 |
| 2 | FDOPMP/W/ NCB/2079/080-02 | Construction of Sub-Division office Building Paundaun | Raghubanshi Nirman Sewa | 35,36,822.22 |



नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
**संघीय सडक सूपरिवेक्षण तथा अनूगमन कार्यालय, काठमाडौं**
**सडक डिभिजन, काठमाडौं**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मितिः २०७९/१०/०८)

यस डिभिजनको मिति २०७९/०८/२९ को अभियान राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. ०८/२०७९/८० को वोलपत्र आव्हान सूचना बमोजिम तपसिलका ठेक्काको लागि म्याद भित्र E-Bid मार्फत दर्ता भएका वोलपत्रहरु मध्येबाट न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही निम्नानूसारको वोलपत्रदाताको वोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायी | कवोल अंक रु. (VAT, PS सहित) |
|---|---|---|---|
| RDKTM/ 337310113/ 079/80/029 | Thermoplastic road marking and enamel painting works on SRN/SURN roads in Kathmandu | Hans Construction & Suppliers Pvt.Ltd. | 969511.75 |
| RDKTM/ 337011364/ 079/80/030 | Road safety works on SRN/SURN roads in Kathmandu | Hans Construction & Suppliers Pvt.Ltd. | 5379871.00 |
| RDKTM/ 337011694/ 079/80/033 | Upgrading of Lolang-Aryaltar-NagarjunMa. Vi.-Phuyalthok-Krishna Mandir-Jitpurfedi-Tinpiple Road, TarkeshworNa.Pa 5 and 3. | Hans Construction & Suppliers Pvt.Ltd. | 3724223.62 |
| RDKTM/ 337011694/ 079/80/035 | Upgrading of Sundarbasti-HumepipeKarkhana-Ganesh School Khahare Corridor Road, BudanilkanthaNa.Pa. 2 and 8 | Selexana Construction Pvt. Ltd. | 2957590.82 |

डिभिजन प्रमुख



**दुहुँ गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
हिकिला, दार्चुला
सुदूरपश्चिमप्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशय सम्वन्धी सूचना**

सूचना प्रकाशित मिति २०७९।१०।०८

दुहुँ गाँउपालिका, हिकिला, दार्चुला को मिति २०७९।०८।२७ मा प्रकाशित खरिद सम्वन्धीको सूचना अनुसार दर्ता हुन आएका वोलपत्रहरु मध्ये न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही तपसिलको ठेक्काको बोलपत्र स्वीकृतीको लागि छनोट गरिएको हुदा सार्वजनिक खरिद ऐन २०६३, दफा २७ (२) प्रयोजनार्थ सम्वन्धीत सवैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | आपुर्तीकर्ताको नाम | कुल कवोल अङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | Fabrication of Steel Parts and Transportation up to Road Heads of Lasya, Bhadi and Dogada Kukuregad Trail Bridge . (DRM/NCB/COTB/01/2079/080) | श्री एस.के ईन्जिनियरिङ्ग इण्डस्ट्रिज,बुटवल । | रु ४५,८९,२७७।७३ (भ्याट सहित) | |

प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
www.madhyanhadaily.com
८ माघ २०७९, आइतबार
22 January 2023, Sunday

# बक्स अफिस समाचार



# 'म चलचित्र क्षेत्रमा संघर्ष गरेर थाक्दिनँ'

## दिनेश केसी, अभिनेता

दर्जन चलचित्रमा आफ्नो अभिनय क्षमता पस्किसके पनि उल्लेखनीय सफलता हासिल गर्न नसकेका अभिनेता दिनेश केसी निर्माणाधीन चलचित्र 'पेरिस ड्रिम्स'मा अनुवन्धित भएका छन् । दोलखा फिल्मस्को ब्यानरमा निर्माण हुन लागेको यो चलचित्रमा उनी मुख्य भूमिकामा हुनेछन् । २०६७ सालदेखि रंगीन दुनियाँमा प्रवेश गरेका अभिनेता केसी पछिल्लो समय म्युजिक भिडियोमा व्यस्त रहँदै आइरहेका थिए । २०६७ सालमा प्रदर्शनमा आएको चलचित्र 'दानव'बाट अभिनयमा डेब्यु गरेका केसीले 'झमेला', 'लाले', 'बादशाह', 'खतरनाक', 'निसाना', 'राजा', 'सिसा'लगायतका चलचित्रमा काम गरिसकेका छन् । अभिनेता केसी गीतसंगीतमा पनि रूची राख्छन् । आफ्नो गृह जिल्ला दोलखाभित्रका पर्यटकीय स्थानहरूको वर्णन गरी तयार पारिएको गीत 'हाम्रो दोलखा राम्रो दोलखा' गाएर उनले गायनमा पनि खाता खोलेका छन् । चलचित्र क्षेत्रमा संघर्ष गर्नबाट नथाकेका अभिनेता **दिनेश केसी**ले **मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :

**यतिबेला केमा व्यस्त हुनुहुन्छ ?**

केही म्युजिक भिडियोको काम भइरहेको छ । निर्माणाधीन एउटा चलचित्रको तयारीका लागि गृहकार्यमा छौं ।

**धेरै समय भयो तपाईं अभिनित चलचित्र प्रदर्शनमा नआएको ?**

कोभिड यता कुनै पनि चलचित्रमा काम गरेको छैन । अफर नै नआएको त होइन, तर चित्तबुझ्दो नभएका कारण छाड्नु पऱ्यो ।

**भर्खरै चलचित्र "पेरिस ड्रिम्स"मा अनुबन्ध हुनुभएको छ, कस्तो भूमिकामा देखिँदै हुनुहुन्छ ?**

यसमा मेरो मिश्रित भूमिका रहने छ । अर्थात् मेरो भूमिका दुखान्त र सुखान्तबीचमा रुमलिएको छ ।

**अहिले पनि तपाईं संघर्ष गरिरहेको बताउनुहुन्छ, यसले कहिलेसम्म निरन्तरता पाउँछ ?**

यति धेरै चलचित्रमा काम गरियो एउटै चलचित्रले पनि मलाई क्लिक गर्न सकेन । कामका लागि मात्र काम गरियो । अझै पनि समय बितेको छैन भनेर यसै क्षेत्रमा संघर्ष गरिरहेको छु ।

**बीचमा हराउनुभयो, चलचित्रमा काम नपाएर कि अन्यत्र व्यस्त भएर ?**

नेपाली चलचित्र नेपालमा मात्र सीमित गराउनु हुन्न भनेर केही मित्रहरुसँगको सहकार्यमा विदेशका कुन-कुन देशमा नेपाली चलचित्रलाई सहजरुपमा प्रदर्शन गर्न सम्भव हुन्छ भन्ने कुराको खोजीमा सिंगापुर, मलेसिया, बेलायत, जापान, हङकङलगायतका देशको भ्रमणमा केही समय व्यस्त भएको हो, हराएको भने होइन । भ्रमणको दौरान के कुरा बुझियो भने व्यक्तिको चाहना र प्रयासले मात्र विदेशी बजारमा नेपाली चलचित्र पुऱ्याउन कठिन हुने रहेछ । यसमा राज्यले नै चासो र पहल गर्नुपर्ने रहेछ ।

**तपाईंलाई चक्लेटी नायक भन्छन् तर पनि चलचित्रमा कम देखिनुको कारण ?**

माथि पनि मेरो गुनासो आइसकेको छ । जति पनि चलचित्रमा काम गरें ति चलचित्र संख्याको लागि मात्र काम लागे । अनुहार चक्लेटी भएर के गर्नु, मेरो तर्फबाट त पात्रअनुसारको भूमिकालाई न्याय दिन हरसम्भव मिहेनत गरेकै थिएँ, तर यो अनुहारलाई सही ढंगले पर्दामा उतार्नेले नै उतार्न नसकेपछि मेरो भाग्य नै यस्तै रहेछ भनेर चित्त बुझाउनुको विकल्प छैन । ।



**कोभिड कहरयता चलचित्र निर्माणमा कमी आइरहेको छ । पुरानै अवस्थामा फर्काउन के गर्नु पर्ला ?**

वर्षमा सरदर एक सयको संख्यामा चलचित्र बन्ने गर्छ । प्रदर्शनमा आएका चलचित्रमध्ये पाँच प्रतिशतले मात्र आफ्नो लगानी उठाउँछ र एकाधले मुनाफा हात पार्छ । राज्यले उद्योगको दर्जा दिएपनि चलचित्र निर्माणका लागि कुनै पनि वित्तीय संस्थाले ऋण वा आर्थिक सहयोग गर्दैन । अहिले जति पनि चलचित्र निर्माण भएका छन्, व्यक्तिको निजी लगानीले भएका छन् । विगतमा कसैले रहरमा र कसैले व्यावसायिकरुपले चलचित्रमा लगानी गरेको भए पनि अहिले व्यावसायिक हिसावले मात्र चलचित्र बन्ने भएकाले ठूला लगानीकर्ता चलचित्रमा लगानी गर्न चाहँदैनन् । सानो लगानीमा बनेको चलचित्र चल्दैन । त्यसैले चलचित्र विकास बोर्डले पनि यसमा ध्यान दिनुपर्छ र निर्माताहरु पनि बुझेर आउने हो भने चलचित्र क्षेत्रलाई पुनः चलायमान गराउन सकिन्छ ।

**चलचित्रको नायक म्युजिक भिडियोमा देखिनु पर्दा कस्तो महसुस हुन्छ ?**

मेरो विचारमा एउटा कलाकारले उसको कलाकारिता पस्कने हो, पर्दा कत्रो छ भनेर हेर्ने होइन । लकडाउन यता चलचित्र कम बन्न थालेपछि ममात्र होइन अन्य चलेका कलाकारहरु पनि म्युजिक भिडियोमा सक्रिय छन् । काम पाउनु नै ठूलो कुरा भएकाले खुसी महसुस हुन्छ ।

**नेपाली चलचित्रप्रति दर्शकको आकर्षण घट्नुको कारण ?**

प्रविधिको विकाससँगै संसारका मनोरञ्जनका गतिविधिहरु क्षणमै हात हातमा हेर्न सकिने र हामी पनि उनीहरुको प्रतिस्पर्धामा उत्रन नसक्नु कारण हुन सक्छ ।

**कस्तो भूमिकामा काम गर्न पाए दर्शकको नजरमा क्लिक हुन सक्थें जस्तो लाग्छ ?**

दर्शकको नजरमा पर्नका लागि लम्बेतान रोल गरिरहनु पर्दैन । छोटो भूमिका गर्दा पनि हुन्छ । तर भूमिका सशक्त हुनुपर्छ ।

**कलाकारिताले मात्र जीवनयापनमा कठिन हुन्छ भन्छन्, अन्य कुनै व्यवसायमा संलग्न हुनुहुन्छ कि ?**

बहिरबाट हेर्दा जति सजिलो र सुन्दर देखिन्छ वास्तविकता बिल्कुल फरक छ । थोरै चलेका कलाकारहरुको जीवनशैली सरल तरिकाले चलेको होला बाँकीको हालत खराब देख्छु म । अरु कलाकर्मीहरुले कुनै न कुनै व्यवसाय गरे जस्तै मेरो पनि सानो व्यवसाय छ ।

**आगामी दिनमा चलचित्र निर्माण गर्ने सोंच बनाउनुभएको छ कि ?**

यो क्षेत्र नशा हो । यसमा लत बसेपछि निस्कन अत्ति नै गाह्रो हुन्छ । त्यसैले एउटा चलचित्र निर्माण गर्ने सोंच बनाएको छु । जसको गृहकार्य भइरहेको छ ।

**अन्त्यमा......?**

नेपाली चलचित्र उद्योगले उँदो गति लिँदैछ । बेलैमा चलचित्रकर्मीको मात्र होइन राज्यको पनि यसतर्फ सकारात्मक सोच हुनु जरुरी छ । राज्यले निर्माताको हितमा केही सोचिदिने हो र चलचित्र निर्माणमा आवश्यक बस्तुहरुमा सहुलियतको व्यवस्था हुन सके लगानीकर्ता चलचित्र निर्माणमा आकर्षित हुन्थे र चलचित्रसँग आवद्ध कलाकार, प्राविधिकलाई मात्र होइन राज्यलाई पनि ठूलो फाइदा पुग्थ्यो ।

# अग्रिम बुकिङमा देखिएको समस्या समाधान गर्न निर्देशन



**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले स्वदेशी एवं विदेशी चलचित्रको अग्रिम बुकिङमा देखिएको समस्यालाई समधान गर्न बक्सअफिस शाखालाई निर्देशन दिएको छ ।

चलचित्र विकास बोर्डले जाँच (सेन्सर) का लागि लगाएको नियमका कारण फिल्मको अग्रिम बुकिङमा समस्या देखिएपछि मन्त्रालयले बक्सअफिस शाखालाई फिल्म जाँचपासमा ढिलाइ नगर्न निर्देशन दिएको हो ।

मन्त्रालयले बक्सअफिस शाखालाई फिल्मको जाँचपासमा ढिला हुने भएमा शर्त पालना गर्ने प्रतिबद्धता सहित अग्रिम बुकिङका लागि मुभी कोड उपलब्ध गराउनसमेत निर्देशन दिएको छ । अब हल सञ्चालकले सेन्सर अगावै मुभी कोड लिएर बुकिङ खुल्ला गर्न पाउनेछन् ।

सेन्सर ढिला हुँदा बुकिङ खोल्न समस्या भइरहेकाले सोको न्यूनीकरणका लागि सरकारसँग माग गरिएकामा सोको सुनुवाइ भएको नेपाल चलचित्र संघका पूर्व अध्यक्ष प्रदीपकुमार उदयले बताए ।

पूर्वअध्यक्ष उदयसहित संघका पदाधिकारीको टोलीले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पुगी समस्याका बारेमा जानकारी गराएका थिए ।

गत ११ पुसमा बसेको बोर्डको बैठकले चलचित्रको सार्वजनिक प्रदर्शन हुने मितिभन्दा कम्तीमा सात दिन अगावै दरखास्त पेश गर्नुपर्ने नियमलाई परिमार्जित गर्दै चार दिन अगावै दरखास्त पेश गर्नुपर्ने निर्णय गरेको थियो ।

चलचित्र संघले भने आफ्ना मागसहित राष्ट्रिय भेला गर्दै आन्दोलनको घोषणा गरेको थियो । बोर्डसँग संघले वार्ता नगर्ने भएपछि मन्त्रालयमा नै छलफल भएको थियो ।

# लक्षुप्रकाश मल्लको 'त्यही रैछ' सार्वजनिक




**काठमाडौं/मस–** विश्व किर्तीमानी गायक, संगीतकार तथा संगीत संयोजक लक्षुप्रकाश मल्लको नयाँ गीत 'त्यही रैछ' सार्वजनिक भएको छ । स्टार म्युजिक सेन्टरको प्रस्तुति रहेको गीत डोल्पाली टिपिकल लोक लयमा आधारित रहेको छ । स्थानीय भाषालाई सरल तरिकाले प्रस्तुत गरिएको गीतमा स्वर र संगीत संयोजन लक्षुप्रकाश मल्लको रहेको छ भने शब्द लय विनोद कार्की, मिक्सिङ मास्टरिङ मनोज डंगोलको रहेको छ ।

गीतमा चर्चित मोडल विना राउत र सगुन खत्रीले अभिनय गरेका छन् । भिडियो निर्देशन अशोक विक, छांयाकन बासु न्यौपाने तथा सम्पादन रोशन धितालको रहेको छ । विग परिवेश स्टुडियोमा रेकर्डिङ गरिएको गीतबाट आशावादी रहेको मल्ल बताउँछन् । डोल्पाली लवजमा गीत गाउन निकै रमाइलो र केही कठिनसमेत भएकाले छुट्टै किसिमको आनन्द मिलेको उनी बताउँछन् ।

# नेपालका ओटिटीमा किन छैन आफ्नै कन्टेन्ट ?

**काठमाडौं/रासस–** ओटिटी (ओभर द टप) प्रतिको आकर्षण कोभिड-१९ नियन्त्रणका लागि गरिएको लकडाउनका समयमा बढ्यो । घरमै रहन बाध्य दर्शकले मनोरञ्जनको विकल्पका रुपमा 'डिजिटल प्लेटफर्म' रोजे । अन्तर्राष्ट्रियरुपमा बजारमा स्थापित नेटफ्लिक्स, अमेजन प्राइम भिडियो, डिज्ने प्लस हटस्टार, जी फाइभ, सोनी लिभलगायत 'ओटिटी प्लेटफर्म' दर्शकका प्रिय बनिरहँदा नेपाली एप भने ओझेलमा रहे ।

नेपालमा समेत विदेशी ओटिटीका प्लेटफर्मतर्फ बढ्दा नेपालमै रहेका आइफ्लिक्स, भिडियो पसल, सिनेमाघर जस्ता एपले भने धेरै दर्शक तान्न सकेनन् । नेपाल राष्ट्र बैंकले पाँच सय डलरसम्म वार्षिकरुपमा खर्च गर्न मिल्नेगरी कार्ड उपलब्ध गराए पनि विदेशी एपमै दर्शक बढ्दै आएका छन् । आइफ्लिक्स र चलचित्र टिभीले सफलता नपाए पछि बन्द नै भए ।



नेपालमा सन् २०१६ देखि शुरु भएको एप सिनेमाघरले सब्स्क्रिप्सनको सुविधा हटाएर फिल्मअनुसार भुक्तानी गरेर हेर्न मिल्ने बनाएको यसका अध्यक्ष खगेन्द्र लामिछानेले जानकारी दिए ।

अभिनेता, निर्माता, लेखकसँगै पछिल्लो फिल्म 'पानीफोटो' मार्फत निर्देशक बनेका लामिछाने सिनेमाघर एपसँग सन् २०१८ मा जोडिएका थिए । 'हामीले नयाँ फिल्म ल्याउँदा दर्शक बढ्छन् । फिल्मले पनि राम्रो आमदानी गरिरहेका छन्,' अध्यक्ष लामिछानेले भने, 'हामीले आफ्नै कन्टेन्ट ल्याउने तयारी गरिरहेका छौं । यद्यपि त्यसको लाइनअप पूरा नहुँदासम्म आँट गरेका छैनौं ।' उनका अनुसार वार्षिक क्यालेन्डर बनाएर मात्र आफ्नै 'कन्टेन्ट' ल्याइने छ । यसरी तयारी गर्दा कुनै एक 'कन्टेन्ट' असफल हुँदा अन्यले दर्शकलाई 'होल्ड' गर्ने उनको बुझाइ छ ।

आइफ्लिक्स र भिडियो पसल सञ्चालन गरिसकेका ओमप्रकाश अग्रवालले भने पाइरेसीको समस्याले ओटिटीमा जोखिम रहेको बताए । 'पाइरेसी गर्नेलाई कडा कारबाही नभएसम्म कन्टेन्ट सुरक्षित हुँदैनन्,' सञ्चालक अग्रवालले भने । 'ओएसआर प्ले' नामक एपको तयारी गरिरहेका सञ्चालक अग्रवालसहितको टोलीले ओएसआर डिजिटल टिम भिडियो पसलमार्फत फिल्म दर्शकमाझ पुऱ्याइरहेको छ ।

अध्यक्ष लामिछानेले पाइरेसीसम्बन्धी शिक्षाको कमीले यस्तो भइरहेको बताए । 'पक्राउ परेपछि ख्यालख्यालमै चलचित्र पाइरेसी गरिएको भन्ने सुनिन्छ । यससम्बन्धी चेतना फैल्याउनुपर्छ,' उनले भने । डिजिटल बजारलाई सघाउन चलचित्र विकास बोर्डले नियमन गर्ने र सञ्चालन गर्ने कार्यविधि तयार गरिरहेको सदस्य फणिन्द्र कटवालले जानकारी दिए । 'ओटिटीसम्बन्धी कार्यविधि बनाएर नै हामीले काम अगाडि बढाउने सोच बनाएका छौं,' उनले भने ।

## प्रधानमन्त्री कप महिला क्रिकेट

# प्रदेश १ लाई हराउँदै सुदूरपश्चिम च्याम्पियन

**काठमाडौं/मस-** रुबिना क्षेत्रीको कप्तानीमा रहेको प्रदेश १ लाई ६ विकेटले पराजित गर्दै सुदूरपश्चिम प्रदेश इटहरीमा सम्पन्न प्रधानमन्त्री कम महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताको च्याम्पियन बनेको छ।




इटहरीको जनता पार्कमा शनिबार सम्पन्न फाइनल खेलमा ६ विकेटको सहज जित निकाल्दै सुदूरपश्चिम च्याम्पियन बनेको हो। यससँगै सुदूरपश्चिमले ८ टोलीले सहभागिता जनाएको प्रतियोगितामा अपराजित रहँदै उपाधि उचाल्न सफल भएको हो। पहिलोपटक च्याम्पियन बनेको सुदूरपश्चिमले उपाधिसहित पाँच लाख रुपैयाँ प्राप्त गर्दा उपविजेता प्रदेश १ ले तीन लाख रुपैयाँ पुरस्कार पायो।

प्रदेश १ ले प्रस्तुत गरेको १ सय २ रनको लक्ष्य सुदूरपश्चिमले १ बल बाँकी रहँदा चार विकेट गुमाएर भेट्टाउन सफल भएको हो। जवाफी ब्याटिङ गरेको सुदूरपश्चिमका लागि सम्झना खड्काले अविजित २७, डोली भट्टले २२, कविता जोशीले अविजित १९ र कविता कुँवरले १२ रन जोड्न सफल भएका थिए। बलिङतर्फ प्रदेश १ का लागि सबनम राई, कप्तान रुबिना क्षेत्री, संगीता राई र हिरनमायी रोयले समान एक/एक विकेट लिए।

यसअघि टस जितेर ब्याटिङ गरेको प्रदेश १ ले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर मात्र १ सय १ रन बनाएको थियो। प्रदेश १ का लागि काजल श्रेष्ठ अर्धशतकीय पारी खेल्न दुई रनले चुकिन्। ६३ बलमा ८ चौकाको मद्दतमा अविजित रहँदै सर्वाधिक ४८ रनको योगदान दिएकी थिइन्।

यसैगरी अप्सरी बेगमले १५ र कप्तान रुबिना क्षेत्रीले १४ रन जोड्नु बाहेक अन्य खेलाडीले उल्लेख्य रन बनाउन सकेनन्। प्रदेश १ लाई सस्तैमा रोक्ने क्रममा सुदूरपश्चिमका लागि मनिषा चौधरीले दुई तथा ऋतु कनोजियाले एक विकेट लिए।

सात प्रदेश र एक विभागीय टोलीले सहभागिता जनाएको प्रतियोगितामा सुदूरपश्चिम प्रदेशकी कविता कुँवर प्लेयर अफ दि सिरिज घोषित भइन् भने उत्कृष्ट ब्याटरसमेत चुनिइन्। सर्वोत्कृष्ट खेलाडी बापत उनले ३० हजार र ब्याटरको रुपमा २० हजार प्राप्त गरिन्। यस्तै मनिषा चौधरी प्रतियोगितामा उत्कृष्ट बलर घोषित भइन्।

## राइट टु प्रोटिन रन हाफ म्याराथन

# दीपक र फुलमतीलाई उपाधि

**काठमाडौं/मस-** विभागीय टोली त्रिभुवन आर्मी क्लबका दीपक अधिकारी र एपिएफकी फुलमती रानाले शनिवार दशरथ रंगशलामा सम्पन्न दोस्रो संस्करणको राइट टु प्रोटिन रन हाफ म्याराथनको उपाधि जितेका छन्।




त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा नेपाल भेटेरिनरी एशोसिएसनले आयोजना गरेको राइट टु प्रोटिन रन हाफ म्याराथनमा पुरुषतर्फ दीपकले निर्धारित दुरी १ घण्टा ५ मिनेट ८ सेकेण्डमा पूरा गर्दा महिलातर्फ फुलमतीले निर्धारित दुरी १ घण्टा २२ मिनेट १२ सेकेन्डमा पूरा गर्दै उपाधि जितेका हुन्।

दुबै खेलाडीले एक-एक लाख रुपैयाँ प्राप्त गरे। पुरुषतर्फ दीपकले राजन रोकायालाई ६ सेकेण्डले पछि पार्दै दोस्रो स्थान हासिल गरे। राजनले १ घण्टा ५ मिनेट १४ सेकेण्डमा पूरा गरेका थिए। नरेन्द्रसिंह रावलले १ घण्टा ५ मिनेट ५५ सेकेण्डमा पूरा गर्दै तेस्रो बने। चौथो बनेका तीर्थ पुनले १ घण्टा ६ मिनेट ९ सेकेन्डमा उक्त दुरी पूरा गर्दा आर्मीका शुशीलकुमार शाही १ घण्टा ८ मिनेट ४ सेकेण्डमा पूरा गर्दै पाँचौं स्थानमा रहे।

यस्तै महिलातर्फ दोस्रो भएकी नेपाल पुलिस क्लबकी राममाया बुढा फुलमती भन्दा पाँच सेकेण्डले पछि परिन्। राममायाले निर्धारित दुरी १ घण्टा २२ मिनेट १७ सेकेण्डमा पूरा गरेकी हुन्। यस्तै तेस्रो भएकी त्रिभुवन आर्मी क्लबकी पूर्णलक्ष्मी न्यौपानेले निर्धारित दुरी १ घण्टा २३ मिनेट १० सकेण्डमा पूरा गरिन्। आर्मीकै कल्पना खड्काले १ घण्टा २७ मिनेट १२ सेकेण्डमा पूरा गर्दै चौथो बन्दा पुलिसकी अञ्जु खड्काले १ घण्टा ३२ मिनेट १३ सेकेण्डमा पूरा गर्दै पाँचौं बनिन्।

यस्तै १० किमी पुरुष दौडमा सबै पाँचै स्थानमा आर्मीका धावकको वर्चश्व रह्यो। मुकेश पालले निर्धारित दुरी ३० मिनेट ५६.०१ सकेण्डमा पूरा गर्दै पहिलो बन्दा, गजेन्द्र राईले ३१ मिनेट ०.२९ सकेण्डमा पूरा गर्दै दोस्रो, सुवास कार्कीले ३१ मिनेट ७.२० सकेण्मा पूरा गर्दै तेस्रो, सिकास राईले ३१ मिनेट १४.१५ सेकेण्डमा पूरा गर्दै चौथो र मोहन देव जोशीले ३२ मिनेट २०.२३ सेकेण्डमा पूरा गर्दै पाँचौ भए।

शनिबारै सम्पन्न महिला ५ किमी खुल्ला प्रतिस्पर्धामा आर्मीकी गीता बिक पहिलो बन्दा आर्मीकै निर्मला केसी दोस्रो, एपिएफकी सीमा चौधरी तेस्रो, पुलिसकी बीर्सना कुमार चौथो र एपिएफकी आशा रावत पाँचौं भए। यस्तै ५ किलोमिटर पुरुष स्कुलतर्फ सञ्जिव नेपाली, श्याम मग्राती, हिमराज गुरुङ, विकेश घिमिरे र बादल कार्की क्रमशः पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौं बने। ३ किलोमिटर महिला स्कुलतर्फको प्रतिस्पर्धामा कल्पना बुढा पहिलो बन्दा हिमाली शाही दोस्रो, दिपशिखा शाही तेस्रो, लक्ष्मी साउद चौथो र अमिसा राई पाँचौं बने।

यस्तै पुरुष ह्विल चियर पुरुषतर्फ प्रेमबहादुर विक पहिलो बन्दा रामकाजी मिजात दोस्रो, सोमनाथ राई तेस्रो, दिपक श्रेष्ठ चौथो र अर्जुन दोङ पाँचौं भए।महिला ह्विल चियरमा रजनी राई पहिलो हुँदा यामी झाँक्री मगर दोस्रो, जोनिसा कठायत तेस्रो, प्रेमा गुरुङ चौथो र निर्मला भण्डारी पाँचौं भए।

# सिस्ने ट्रेस रेसमा सुमन र विमला विजयी

**प्रचण्ड खत्री/मध्यान्ह**
**रुकुम पश्चिम, ७ माघ**

रुकुम पश्चिममा दोस्रो सिस्ने ट्रेस रेस सम्पन्न भएको छ। खुला पुरुष ट्रेल रेस २१ किलोमिटर र खुला महिला ट्रेस रेल १० किलोमिटर सम्पन्न भएको सिस्ने ट्रेस रेस समितिका अध्यक्ष नरेश पुन मगरले जानकारी दिए।




पुरुष दौड छिनखेतदेखि आठबिसकोटको राडीसम्म तय गरिएको थियो। पुरुस दौडमा सुमन कुलाङ प्रथम भएका छन्। उनले १ घण्टा ३४ मिनेटमा २१ किलोमिटर दुरी पार गरेका थिए।

प्रताप खड्काले १ घण्टा ४० मिनेटमा २१ किलोमीटर दुरी पार गर्दै दोस्रो स्थान हासिल गरे भने देवराज महतरा १ घण्टा ४१ मिनेटमा २१ किलोमिटर दुरी पार गर्दै तेस्रो हुन सफल भएको आयोजकले बताएको छ। उनीहरुलाई क्रमशः ६० हजार, ४० हजार र २० हजार रुपैयाँ नगद तथा प्रमाणपत्र प्रदान गरियो। ४ देखि १० औं स्थान सम्म आउनेलाई नगद ४ हजार रुपैयाँ र प्रमाणपत्रले सम्मान गरिएको थियो।

महिलातर्फ भने १० किलोमीटर दुरी १ घण्टा ४१ मिनेटमा पार गर्दै विमला कार्की प्रथम भइन्। त्यस्तै जमुना बुढा १ घण्टा ४२ मिनेटमा निर्धारित दुरी पार गर्दै दोस्रो भइन्। गंगा बुढा र बिन्दु हमाल १ घण्टा ४३ मिनेटमा १० किलोमिटर दुरी पार गर्दै तेस्रो भए।

उनीहरुलाई क्रमशः २० हजार, १४ हजार र ८ हजार रुपैयाँ तथा प्रमाणपत्र पत्रले सम्मान गरिएको आयोजक समिति सदस्य रतन शाहिल्वले बताए। महिलातर्फ पनि ४ औं देखि १० औं स्थान हासिल गर्नेलाई ४ हजार नगद र प्रमाणपत्र प्रदान गरिएको थियो। महिलालाई बाफिकोटको नदुवादेखि आठबिसकोटको राडीसम्म दौडको दुरी तोकिएको थियो।

# प्रथम मेयर कपको उपाधि धरहरीलाई



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
**रौतहट, ७ माघ**

रौतहटको देवाही गोनाहीमा प्रथम मेयर कप क्रिकेटको उपाधि एलेभेन टाइगर टिम धरहरीले जितेको छ। शुक्रबार सम्पन्न फाइनल खेलमा धरहरी एक्सप्रेस टिमलाई पराजित गर्दै धरहरी विजयी भएको हो। अन्तिम दिनको खेलमा टस जितेर पहिलो ब्याटिङ गरेको धरहरी एक्सप्रेसले २० ओभरमा १३३ रन बनाएको थियो। जवाफी ब्याटिङ गरेको एलेभेन टाइगर टिम धरहरीले करिब दुई ओभर बाँकी रहँदा १३४ रन बनाउँदै फाइनल खेल जितेको हो।

खेलमा निश्चल साहलाई म्यान अफ द सिरिज र मनोज यादवलाई म्यान अफ द म्याच घोषण गरिएको छ। फाइनल खेलमा प्रथम एलेभेन टाइगर टिम धरहरीका कप्तान अरबिन्द यादवलाई प्रमुख अतिथि देवाही गोनाही नगरपालिका वडा नं.९ धरहरीका वडाध्यक्ष वीरबहादुर साहले ट्रफी र नगद २० हजार रुपैयाँसहित सम्मान गरेका थिए।

त्यस्तै प्रमुख अतिथि वडाध्यक्ष साहले पराजित भएका धरहरी एक्सप्रेस टिमका कप्तान सोहनकुमार साहलाई सानो कप ट्रफी र नगद १० हजार रुपैयाँसहित सम्मान गरेका थिए।

खेलाडीहरुको सम्मानमा देवाही गोनाही नगरपालिका वडा नं.९ धरहरीका वडाध्यक्ष साह, वडा सदस्य खुबलाल दास, गौरी शंकर पण्डित, युवा नेता श्याम नन्दन साह, जसपाका नेता नन्दकिशोर यादव, समाजसेवी हरि राय यादव र इलाका प्रहरी कार्यालय देवाही गोनाहीको टोलीलगायत स्थानीय तथा खेलप्रेमी दर्शकहरुको उपस्थिति रहेको थियो।


## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त यस **ब्लु बर्ड ओभरसिज प्रा. लि.** **(श्रम इजाजत पत्र नं. ३०८/०५९/०६०)** मा कार्यरत कर्मचारीलाई यस कार्यालयबाट मिति २०७९/०७/१० गतेबाट हटाईएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निजसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराइन्छ। यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन।

| सि.नं. | कर्मचारीको नाम | नागरिकता नं. |
|---|---|---|
| 1. | KRIPA SHAKYA | 27-01-76-07944 |

**ब्लु बर्ड ओभरसिज प्रा. लि.** License No.: 308/059/060
कालोपुल-३३, काठमाडौं, फोन : ४५३६८०२, ४५३८६०९, मो. : ९८०२०५०५७१
E-mail : info@bluebirdoverseas.com, www.bluebirdoverseas.com

## मलेसियामा रोजगार

कम्पनी: YAMAGATA (MALAYSIA) SDN BHD
शहर: Malaysia,Sembilan

पूर्व स्वीकृत मितिः २०७९/१०/०६ | चलानी नं.: ६०१९५३१६ | LT. No.: 279711

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४५,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ माघ १८ गते (1 February 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझ्ने विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**लक्की ओभरसिज प्रा. लि.**
LUCKY OVERSEAS
श्रम इजाजत नं. १३८/०५५/०५६
धोबिघाट-३, रिङ्गरोड, ललितपुर, नेपाल, फोन: ०१-५१५३०५५, ०१-५१५३०३३
E-mail: luckyoverseas1998@gmail.com, overseaslucky@gmail.com
Web.: luckyoverseas.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/१०/०८**

**बिक्रम कंस्ट्रक्शन एण्ड कन्सल्टेन्ट मल्टिपर्पोज प्रा.लि.**को विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आमा बुवा कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट मल्टिपर्पोज प्रा.लि. (प्रा. लि. नं.: २५११७५)** कायम गर्ने गरी मिति २०७९/०४/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


नेपाल सरकार
सहरी विकास मन्त्रालय

## शहरी विकास तथा भवन निर्माण विभाग
## संघीय आयोजना कार्यान्वयन इकाई

वीरेन्द्रनगर, सुर्खेत

### आर्थिक प्रस्ताब खोलिने वारेको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/१०/०८**

यस आयोजनाको मिति २०७९/०५/२१ मा सूचना प्रकाशित भइ E–Bid मार्फत पेश हुन आएका वोलपत्रहरुको प्राविधिक प्रस्ताब खोलि मुल्यांकन हुँदा तपशिलको बोलपत्रदाताको प्रस्ताब सार्वजनिक खरिद नियमावलीको २०६४ को नियम ३१ ज (४) बमोजिम सारभूत रुपमा प्रभाबग्राही भएकोले मिति २०७९/१०/१५ गते १३:०० बजे यस आयोजना कार्यालयमा आर्थिक प्रस्ताब खोलिने भएको हुँदा सोहि नियमको उपनियम ५ बमोजिम सम्बन्धित वोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको।

| ठेक्का नं. | कामको विवरण | प्रभाबग्राही वोलपत्रदाता |
|---|---|---|
| FPIU/Surkhet/Works /NCB/1/079/80 | Construction Work for Integrated Infrastructure Development Work at Birendranagar Municipality Surkhet | 1. Khadka -K.S.K JV Baijanath Banke.<br>2. Shyam & Shankar /Galwa JV Kathmandu |

**आयोजना प्रमुख**


## कुवेतमा रोजगार

कम्पनी: RIMANCO TOP GENERAL TRADING COMPANY
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/१०/०६ | चलानी नं.: ६०१९५३४९ | L.T. No.: 279753

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Worker | 30 | 0 | सम्बन्धित काममा दक्ष | 125 | ५२,९६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Indoor Cleaner | 70 | 0 | | 85 | ३६,०१५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ माघ १५ र १६ गते (29 & 30 January 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Samridhha Human Resources Pvt. Ltd.**
Gov. Lic No. 1045/073/074
Hattigaunda-08, Kathmandu, Tel: 01-4371370, 4371369, 9813033715
9851315449, Email: info@samriddhahr.com, Web.: www.samriddhahr.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/१०/०८**

**नेशनल हस्पिटल एण्ड क्यान्सर रिसर्च सेन्टर प्रा.लि.** को मिति २०७९/०९/२९ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेशनल हस्पिटल एण्ड क्यान्सर सेन्टरप्रा.लि. (प्रा.लि.नं.: ६६१६०)** कायम गर्ने गरी मिति २०७९/०९/२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनीको नाम र ठेगाना परिवर्तन भएको सूचना

तेश्रो पटक प्रकाशित मितिः २०७९/१०/०८

यस कम्पनीको मिति २०७९/०४/०८ गते बसेको विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविकको कम्पनी निशान सन क्वालिटी हेल्थ पोलिक्लिनिक प्रा.लि. (Nishan Sun Quality Health Polyclinic Pvt. Ltd.) (प्रा.लि.नं.: ८३२६१) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **निशान पोलिक्लिनिक प्रा. लि. (Nishan Polyclinic Pvt. Ltd.)** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## शैलुङ्ग पावर कम्पनी लिमिटेड

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा-३१, काठमाडौं
फोन नं. ०१४४४४९४७, ईमेलः shailunhgpower2021@gmail.com

### विशेष साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशितः २०७९/१०/०८**

**श्री शेयरधनी महानुभावज्यूहरु,**
यस शैलुङ्ग पावर कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०७९ माघ ६ गते बसेको बैठकको निर्णय अनुसार यस कम्पनीका विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकाले कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति : २०७९ साल माघ २३ गते (तदनुसार सन् ६ फेब्रुवरी २०२३) सोमबार।**
**समय : विहान ११:०० बजे।**
**सभा हुने स्थान : कम्पनीको रजिष्टर कार्यालय, का.म.न.पा. वडा नं. ३१, काठमाडौं।**
**छलफल तथा निर्णयका लागि निर्धारित विषयहरुः**

**(क) प्रस्तावहरु :**
**१. कम्पनीको नाम परिवर्तन गर्ने सम्बन्धमा।**
**२. विविध।**

**संचालक समितिको आज्ञाले**
**यादव न्यौपाने**
**(कम्पनी सचिव)**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

१. कम्पनीः 5E RESOURCES SDN. BHD — शहरः MALAYSIA, Jalan
पूर्व स्वीकृत मितिः २०७९/०४/२७ | चलानी नं.: ६०१८५२३३ | LT. No.:269337 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | स. काममा दक्ष | 1500 | ४५,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः SPN SECURITY SERVICES SDN BHD — शहरः Malaysia, Jalan
पूर्व स्वीकृत मितिः २०७९/०५/२१ | चलानी नं.: ६०१८७०४४ | LT. No.:271059 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 12 | 0 | स. काममा दक्ष | 1500 | ४५,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ४ गते (18 January 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझ्ने विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**UTSAV H.R. SOLUTION PVT. LTD.**
Govt. Lic. No. 1459/074/075
Pingalasthan-9, Gaushala, Kathmandu, E-mail: info.utsavhrsolution@gmail.com
Mobile: 9817051856, 9806008270,9815998546,9852686077,9851171553 Tel.: 4484436

# ‘पोल्ट्री उद्योगलाई सबल र आत्मनिर्भर बनाउन सरकारको सहयोग हुन्छ’

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ७ माघ ।



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पोल्ट्री उद्योगलाई सबल र आत्मनिर्भर बनाउन सरकारको पूर्ण सहयोग हुने बताएका छन् । काठमाडौंमा शनिबार आयोजित ‘राइट टू प्रोटिन रन’ हाफ म्याराथन पुरस्कार वितरण समारोहमा बोल्दै प्रधानमन्त्री प्रचण्डले सो बताएका हुन् ।

देश अहिले पोल्टी व्यवसायमा आत्मनिर्भर भएको उनले बताए । वनस्पतिजन्य खाद्यान्नमा पनि मुलुक आत्मर्भिर हुने र बालबालिकालाई त्यसको लागि आवश्यक पर्ने प्रोटिनको मात्रा उपलब्ध गराउने कुरामा सरकार प्रतिवद्ध रहेको प्रधानमन्त्रीको भनाइ थियो ।

‘यतिबेला हामीले पोल्ट्री व्यवसायमा झन्डै आत्मनिर्भर भएका छौँ । यो खुशीको कुरा हो, वनस्पतिजन्य खाद्यान्नमा पनि हामी आत्मनिर्भर हुने र बालबालिकालाई त्यसको लागि आवश्यक पर्ने प्रोटिनको मात्रा उपलब्ध गराउने गर्नुपर्छ । स्वास्थ्यको क्षेत्रमा सरकारले नयाँ शुरुवात गर्दछ, यो क्षेत्रमा जनताको सेवाको लागि सरकारले गर्नुपर्ने काम धेरै छ’, उनले भने । उनले पोल्ट्री उद्योगले अण्डा र मासुमार्फत प्रोटिनको आपूर्तिमा योगदान पुर्‍याएको र मासुमा आत्मनिर्भर बनाउन सहयोग गरेकोमा पोल्ट्री उद्यमी र कृषकलाई धन्यवाद दिएका थिए ।

आत्मनिर्भरउन्मुख पोल्ट्री उद्योगले बर्ड फ्लूलगायत रोग, कच्चापदार्थको मूल्य, औषधिलगायत समस्या भोगिरहेका बारे सरकार जानकार रहेको प्रधानमन्त्री प्रचण्डले बताएका थिए । उनले पोल्ट्री क्षेत्रमा देखिएका समस्या समाधान गरी नेपालको अर्थतन्त्र र गरीबी निवारणमा महत्वपूर्ण योगदान पुर्‍याएको पोल्ट्री उद्योगलाई थप सबल र आत्मनिर्भर बनाउन सरकारको पूर्ण सहयोग रहने प्रतिबद्धता समेत व्यक्त गरेका थिए ।

प्रोटिनयुक्त खानपानको व्यवस्था सबै नागरिकमाझ पुर्याउन सरकारबाट भइरहेको प्रयास पर्याप्त नभएको बताउँदै प्रधानमन्त्री प्रचण्डले अहिलेको सरकारले स्वास्थ्यको क्षेत्रमा नयाँ शुरुवात गर्ने तयारी गरेको भन्दै जनताको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखेर केही नीतिगत र व्यवहारिक निर्णय गर्न लागेको बताएका थिए । स्वास्थ्यको क्षेत्रमा सरकारले गर्नुपर्ने कामहरु धेरै रहेको भन्दै आगामी दिनमा जनमुखी सेवा प्रवाहका लागि आवश्यक नीति निर्माण गरी काम गर्ने प्रतिवद्धता समेत उनले जनाएका थिए ।

उनले प्रोटिन माथिको अधिकारलाई स्थापित गर्ने उद्देश्यले हाफ म्याराथनलगायत दौड प्रतियोगिता सफलतापूर्वक आयोजना गरेकामा नेपालका सम्पूर्ण पशु चिकित्सकको छाता संगठन नेपाल भेटेरिनरी एसोसिएसनले नेपाल दाना उद्योग संघ र सम्बन्धित सरोकारवालालाई बधाई दिएका थिए ।

# एफएनसीसीआईले एकदिने एसएमईज सम्मेलन गर्ने




**काठमाडौं/मस** - नेपाल उद्योग वाणिज्य महासंघले माघ ९ गते काठमाडौंमा साना तथा मझौला उद्योग (एसएमईज) सम्मेलनको आयोजना गर्ने भएको छ । उपप्रधान एवं अर्थमन्त्री माननीय विष्णुप्रसाद पौडेलको प्रमुख आतिथ्यतामा हुने उक्त सम्मेलनलाई अर्थमन्त्री पौडेल र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले सम्बोधन गर्ने महासंघले जनाएको छ ।

महिला उद्यमी लगायत लघु, घरेलु, साना तथा मझौला उद्योग व्यवसाय क्षेत्रको विकास, विस्तार एवं प्रवर्द्धनमा सहयोग पुर्याउने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको हो । सम्मेलनमा यस क्षेत्रका लागि आवश्यक नीतिगत व्यवस्था, वित्तिय पहुँच, बजार प्रवर्द्धन, निर्यात प्रवर्द्धन, अतिकम विकसित मुलुकबाट स्तरोन्नती हुँदा पर्ने प्रभाव लगायतका विषयहरुमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुति, सामूहिक छलफल हुनेछ ।

मुलुकको अर्थतन्त्रको महत्वपूर्ण हिस्सा लघु, घरेलु, साना तथा मझौलाको रहेको छ । जीडीपीमा उद्योग क्षेत्रको योगदान ५.६ प्रतिशत छ । त्यसमा एसएमईजको अंशमात्र ९० प्रतिशत रहेको बताइन्छ । यस क्षेत्रबाट करिब १७ लाखले रोजगार पाएका छन् । एकदिने सम्मेलनको उद्घाटन समारोहमा महासंघका अध्यक्ष शेखर गोल्छा, वरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकाल, उद्योग सचिव डा. तोया नारायण ज्ञवाली लगायत उपस्थित हुनेछन् ।

त्यसैगरी सम्मेलनको प्राविधिक पहिलो शत्र ठूला तथा साना उद्योगबीच व्यवसायिक सम्बन्ध, दोस्रो सत्र वित्तीय पहुँच, तेस्रो शत्र वस्तु बजारीकरण/निर्यात/अति कम विकसित मुलुकबाट स्तरोन्नती/युवा उद्यमशीलता विषयमा सामूहिक छलफल हुनेछ । सम्मेलनमा आ-आफ्ना क्षेत्रका स्थापित उद्यमी व्यवसायीका अनुभव आदान प्रदानको सत्र समेत राखिएको छ ।

वित्तीय पहुँचका लागि आवश्यक मापदण्ड, कागजात एवं प्रक्रियागत विषयहरुमा विज्ञहरुले जानकारी दिनुको साथैं विदेशी राष्ट्रहरुमा एमएसएमई क्षेत्रको विकास एवं प्रवर्द्धनका लागि भए/गरेका प्रयासहरूबारे समेत सम्मेलनमा छलफल हुनेछ । साना उद्योगीले प्रतिष्ठित उद्योग र उद्योगीले आफ्नो क्षेत्रमा प्राप्त गरेको सफलता र अनुभव आदान प्रदान गर्ने अवसर समेत पाउने छन् ।

सम्मेलनबाट एमएसएमई उद्योग प्रवर्द्धन गर्न बनेका नीति, ऐन, नियम एवं कार्यविधिमा भएका व्यवस्थाहरुबारे सहभागीले जानकारी प्राप्त गर्नुका साथै सम्मेलन एमएसएमई क्षेत्रले सामना गर्नुपरेका समस्या पहिचान गर्दै सम्बन्धित निकायहरुमा समस्या समाधानका लागि पहल गर्न सहयोगी हुने अपेक्षा गरिएको छ । सम्मेलनमा विभिन्न क्षेत्रका करिब ३०० जना प्रतिनिधिहरुको सहभागिता रहने र सम्मेलनका सबै कार्यक्रम होटल हिमालय कुपण्डोलमा हुने बताइएको छ ।

# कर्जा लिएर आन्दोलन गर्नु अराजकता हो : गभर्नर अधिकारी



**काठमाडौं/मस** - नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बैंकहरुबाट कर्जा लिएर कर्जा वा ब्याज तिर्नुको सट्टा सडक आन्दोलन गर्नु अराजकता भएको बताएका छन् । शनिवार कृषि विकास बैंकको ५६ औं वार्षिक साधरण सभामा बोल्दै गभर्नर अधिकारीले बैंकहरुबाट कर्जा लिने र कर्जा तिर्नुको सट्टा सडकमा उफ्रिएर नतिर्ने गरेको भन्दै संगठित रुपमा बैंकबाट लिएको कर्जा तिर्नुपर्दैन भन्नु अराजकताको माथिल्लो रुप भएको बताए । उनले बैंकबाट कर्जा लिएर बैंकको कर्जा वा ब्याज नतिर्ने भन्दै संगठनको नाममा समूह बनाएर सडकमा उफ्रिएर नतिर्ने भनि संगठित रुपमा दबाब दिन नमिल्ने बताए ।

गभर्नर अधिकारीले पछिल्लो समय बैंक तथा समग्र वित्तीय प्रणालीमा नै यस्ता नयाँ किसिमका चुनौतिहरु देखिएको बताए । उनले बैंकको कर्जा सार्वजनिक सम्पती, सर्वसाधरणको निक्षेप भएको बताए । उनले वाणिज्य बैंकहरुको अधिकांश कर्जा सर्वसाधरणको निक्षेप भएको भन्दै कर्जा नतिर्दा समग्र वित्तीय क्षेत्रको विश्वसनियता तथा वित्तीय स्थायित्वमा समस्या आउने बताए ।

उनले व्यवसायी वा उद्यमीले लिएको कर्जा निश्चित समयभित्र तिर्ने स्वीकार गरेर लिएकाले कर्जा नतिर्नु वित्तीय अपराध हुने दाबी गरे । गभर्नर अधिकारीले यस्ता अराजक कुरालाई कसैले पनि प्रश्रय दिन नहुने भन्दै राष्ट्र बैंक यो विषयमा शतर्क र सजग रहेको उल्लेख गरे । उनले यस्ता चुनौतिहरुले समग्र बैंकिङ प्रणाली,अर्थतन्त्रमा ठूलो असन्तुलन र व्यथिति ल्याउने बताए । उनले ऋण लिएर तिर्नुपर्दैन भनेर कहीँ कतै विकसित भयो भने बैंकिङ प्रणाली र अर्थतन्त्र कहाँ जान्छ ? भन्दै प्रश्न गरे । उनले राष्ट्र बैंक यो विषयमा सचेत र सतर्क रहेको भन्दै यस्ता अभियान र संघर्ष लामो समय नटिक्ने बताए ।

# कृषि विकास बैंक ५६औं वर्षमा प्रवेश




**काठमाडौं/मस** - कृषि विकास बैंक स्थापनाको ५६औं वर्षमा प्रवेश गरेको छ । कृषि क्षेत्रको विकासलाई मूख्य उद्देश्य राखेर स्थापना भएको यो बैंकले २०६२ सालमा नेपाल राष्ट्र बैंकबाट वाणिज्य बैंकको रुपमा मान्यता पाएको थियो ।

बैंकको ५६औं वार्षिकोत्सवका अवसरमा शनिबार काठमाडौंमा आयोजित कार्यक्रममा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले कृषि विकास बैंक कृषि क्षेत्रको मुख्य बैंक बन्न सक्नुपर्ने धारणा राखे । ‘पछिल्ला वर्षमा कृषि क्षेत्रमा लगानी घट्दै गएको र अरु व्यावसायिक क्षेत्रमा लगानी बढ्दै गएको छ । यो अवस्थामा क्रमशः सुधार हुँदै जाओस र कृषि विकास बैंकलाई कृषि क्षेत्रको लिड बैंकका रुपमा हामी देख्न पाऔं, उनले भने ।

बैंकको आर्थिक सामर्थ्य र परिस्थिति हेरेर कर्मचारीको सेवा सुविधाको विषयमा बैंक व्यवस्थापनले उपयुक्त निर्णय लिनुपर्ने अर्थमन्त्री पौडेलले स्पष्ट पारे । अहिले सरकार आफैले पनि खर्च कटौती गरेर मितव्ययी बन्न पहल गरिरहेको बेला बैंकले पनि आफ्नो वित्तीय स्वास्थ्यलाई ध्यानमा राख्नुपर्ने पौडेलको भनाइ छ । ‘मितव्ययिता, खर्च कटौती, सुविधा कटौतीका निमित्त सिंगो राष्ट्रलाई अपिल गर्नुपर्ने ठाउँमा म छु । हामीले कस्तो खर्च गरिरहेका छौं र कति आम्दानी गर्ने सामर्थ्य हाम्रो छ भनेर हेर्न जरुरी छ । मुलुकको आर्थिक स्वास्थ्य राम्रो बनाउने सरकारको अभियानमा सबैको साथ चाहिएको छ । खर्च कटौती र मितव्ययितामा तपाईहरु पनि विशेष ध्यान दिनुहोला ।’ अर्थमन्त्री पौडेलले भने ।

अहिले रिक्त रहेको बैंकको प्रमुख कार्यकारी अधिकृत (सिइओ) मा कस्तो व्यक्ति आउँछ भन्नेकुरा बैंकको भविष्यसँग जोडिएको उनले बताए । अहिले बजारमा उपलब्ध सबैभन्दा राम्रा व्यवस्थापकमध्येबाट प्रमुख कार्यकारी अधिकृत चयन गरिने उनको भनाइ छ । ‘व्यावसायिक दक्षता भएको व्यक्तिलाई सिईओको जिम्मेवारी दिएर प्रतिस्पर्धी बैंकका रुपमा अघि बढाउनुपर्नेछ । त्यसका लागि सरकारले सबै तरिकाले सहयोग र समन्वय गर्छ’, उनले भने । सरकारको लगानी रहेका बैंकमध्ये कृषि विकास बैंकमा तुलनात्मक रुपमा बढी समस्या देखिनुमा बैंकको व्यवस्थापकीय नेतृत्व प्रमुख कारण रहेको मन्त्री पौडेलको भनाइ छ ।

चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिमा सरकारले लक्ष्यअनुसार राजस्व संकलन गर्न नसकेको, गत आर्थिक वर्षको यही अवधिसम्ममा सङ्कलन भएको राजस्वभन्दा यसवर्ष कम संकलन भएको र वैदेशिक सहायता पनि लक्ष्यअनुसार प्राप्त हुन नसकेको मन्त्री पौडेलले बताए ।

सोही कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले कृषि विकास बैंकलाई कृषि क्षेत्रमा लगानी गर्ने प्रमुख बैंकका रुपमा केन्द्रीत गरिनुपर्ने बताए । ‘कृषि क्षेत्र लक्षित लगानी मात्र नभइ यस क्षेत्रमा तालिम दिने संस्थाका रुपमा विकास गर्नुपर्ने देखिएको छ । त्यसका लागि यो बैंकले नेतृत्व लिने र त्यसमा अरु संस्थालाई पनि सहभागी गराउन जरुरी छ’, उनले भने । कृषि क्षेत्रमा नयाँ तरिकाले लगानी गर्न खोज्नेका लागि नयाँ किसिमले वित्तीय लगानीका बाटो खोल्नुपर्ने उनको भनाइ छ ।

बैंक तथा वित्तीय संस्थासम्बन्धी एकीकृत ऐन लागू भएपछि २०६२ असारदेखि कृषि विकास बैंक पब्लिक कम्पनीमा रुपान्तरण भएको थियो । नेपाल राष्ट्र बैंकबाट २०६२ चैतदेखि वाणिज्य बैंकका रुपमा इजाजत पाएको यो बैंकमा ५१ प्रतिशत शेयर सरकार र ४९ प्रतिशत शेयर सर्वसाधारणको रहेको छ । संस्थापक शेयरधनीका रुपमा सरकारको छ अर्ब ७२ करोड ५८ लाख र सर्वसाधारण सेयरधनीको छ अर्ब ४६ करोड २० लाख बराबर शेयर छ । कृषि विकास बैंकले हालसम्म एक लाख ६२ हजार ग्राहकमा एक खर्ब ७८ अर्ब कर्जा लगानी गरेको जनाएको छ । यस्तै बैंकमा १८ लाख निक्षेपकर्ताको एक खर्ब ७० अर्ब निक्षेप छ । बैंकको अधिकृत पुँजी २५ अर्ब, जारी पुँजी १८ अर्ब ६२ करोड ६ लाख र साधारण चुक्ता पुँजी १३ अर्ब १८ करोड बराबर छ । चालु आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्ममा कर्जा तथा सापट करिब दुई खर्ब एक करोड र कूल निक्षेप एक खर्ब ८६ अर्ब ४८ करोड वृद्धिमार्फत वैधानिक कर्जा-पुँजी-निक्षेप अनुपात ९० प्रतिशतभित्र कायम गर्ने लक्ष्य बैंकले लिएको छ ।

त्यस्तै चालु आर्थिक वर्षको छ महिना अवधिमा बैंकको तरलता अनुपात १५ दशमलव २७ प्रतिशत र निष्क्रिय कर्जा एक दशमलव ६८ प्रतिशत रहेको बैंकले जनाएको छ । आर्थिक वर्ष २०७८/७९ का लागि कृषि विकास बैंकले ११ प्रतिशत नगद लाभांश र दुई प्रतिशत बोनस शेयर शेयरधनीलाई दिने निर्णय गरिसकेको छ ।

सरकारको नीति तथा कार्यक्रमअनुसार ब्याज अनुदान सहुलियत कर्जा कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्दै आएको बैंकले जनाएको छ । व्यावसायिक कृषि तथा पशुपक्षी कर्जा, शिक्षित युवा स्वरोजगार कर्जा, विदेशबाट फर्केका युवालाई परियोजनामा आधारित सहुलियत कर्जा, महिला उद्यमशील कर्जा, प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जालगायत क्षेत्रको कर्जालाई प्राथमिकतामा राखिएको बैंकले जनाएको छ ।

हार्दिक बधाई तथा आभार

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०७९/१०/०६ गते सम्पन्न भएको २९ औं साधारण सभासहितको निर्वाचनमा विजयी **अध्यक्ष राजेन्द्र भण्डारी** लगायत सम्पूर्ण टिमलाई हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

साथै हाम्रो मञ्चबाट कार्यसमिति **सदस्यको उम्मेदवार देवमाया थापा**लाई अमुल्य मत दिई विजयी बनाउनु हुने मतदाता व्यवसायीज्यूहरु एवं सभामा उपस्थित भई **डा. ईश्वर जि.सी. प्यानल**लाई मतदान गर्ने तथा सहभागिता जनाउनुहुने सम्पूर्ण व्यवसायीज्यूहरु, पत्रकार मित्रहरु, स्वयंसेवक, आयोजकलगायत सहभागी सम्पूर्ण व्यक्तित्वहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**कुन्छा दोर्जे दिमदोङ**
महासचिव, तथा
नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च
परिवार

सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक बधाई तथा शुभकामना



नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २०७९ माघ ०६ गते सम्पन्न २९ औं साधारणसभा पश्चात सम्पन्न निर्वाचनमा विजयी **अध्यक्ष राजेन्द्र भण्डारी, प्रथम उपाध्यक्ष डिकबहादुर खत्री (कुमार), द्वितीय उपाध्यक्ष सन्जुकुमार गुरुङ, तृतीय उपाध्यक्ष रोशन कटुवाल, महासचिव मेघनाथ भुर्तेल, सचिव कर्णराज कटुवाल, कोषाध्यक्ष सरिता घले** तथा कार्यसमिति **सदस्यहरू राजेन्द्र बस्नेत, बिक्रम श्रेष्ठ, देवमाया थापा, बैकुण्ठ प्रसाद पौडेल, कैलाश पाठक, देउमान नेम्वाङ, आनन्द कोइराला, नारायण भुसाल, तोरणबहादुर कार्की** र **चन्द्रबहादुर लिम्बूज्यू**लाई हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**सितादेवी श्रेष्ठ**
प्रकाशक

**मदनकुमार श्रेष्ठ**
सम्पादक

तथा
मध्यान्ह
राष्ट्रिय दैनिक
परिवार

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सीईओ तथा कार्यकारी सम्पादक : **दीपेन्द्रविक्रम तामाङ**, सम्पादक: **मदनकुमार श्रेष्ठ**